पूर्णाङ्क ३, त्रैमासिक

२०७१ चैत


# प्राज्ञिक संसार

# Academia

## संगीत-नाट्य बुलेटिन

## Music-Drama Bulletin

www.namuda.org.np




भव्य भयो
सांस्कृतिक मेला

ठाउँ ठाउँमा
डबली यात्रा

सम्झनामा
जनकवि केशरी

# सम्पादकीय

## भवनका लागि जग्गा चाँडै उपलब्ध होस्

नेपालमा संगीत तथा नाट्यको छुट्टै प्रज्ञा प्रतिष्ठान हुनुपर्छ भन्ने आवाज उठेपछि नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको स्थापना भएको हो । यो प्रतिष्ठान स्थापना भएदेखि अहिलेसम्म भाडाको घरबाटै प्रतिष्ठानको प्रशासन तथा सम्पूर्ण कार्य सञ्चालन हुँदै आएको छ ।

नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, नेपाल प्रज्ञा प्रतिष्ठान र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान समानान्तर संस्था हुन् । तीनओटै प्रतिष्ठान उस्तै प्रकृतिको काम गर्ने संस्था भए पनि नेपाल प्रज्ञा प्रतिष्ठान र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान आफ्नै भवनमा रहँदै आएका छन् । यी दुवै प्रतिष्ठानसँग भवनसँगै पर्याप्त जगा पनि रहेको छ ।

तर, यस नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानसँग अहिले न त आफ्नो भवन छ, न त यस प्रतिष्ठानको जग्गा नै छ । नेपाल प्रज्ञा प्रतिष्ठानबाट अलग भएर संगीत नाट्य र ललितकला प्रज्ञा प्रतिष्ठान स्थापना हुँदै तीनओटै प्रतिष्ठानले दामासाही रूपमा जग्गा र घर पाउने निर्णय भएको थियो । तर त्यो निर्णय अहिलेसम्म कार्यान्वयन भएको छैन ।

यस नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले घर र जग्गाको लागि अहिलेसम्म निरन्तर आवाज उठाउँदै आएको छ । तर त्यो अहिलेसम्म कार्यान्वयन हुन सकेको छैन । प्रतिष्ठानको जग्गा किन्ने र भवन निर्माणका लागि संस्कृति मन्त्रालयको मातहतमा तीनओटै प्रतिष्ठानको सदस्य सचिवसहितको समिति पनि नबनेको हैन । समितिको पटक-पटकको बैठकमा नेपाल प्रज्ञा प्रतिष्ठा र ललितकला प्रज्ञा प्रतिष्ठानसँग भएको जग्गाबारे छलफल भएको थियो । तथापि अहिलेसम्म नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानलाई जग्गा उपलब्ध गराइएको छैन ।

जग्गा प्राप्त भएमा विभिन्न स्रोतबाट यस प्रतिष्ठानले आफ्नो भवन बनाउने योजना तयार गरिसकेको छ । भवन निर्माणका लागि सम्बन्धित मन्त्रालयसँगै अन्य दाता संस्थाहरूसँग पनि छलफल भइरहेको छ । तसर्थ, यस प्रतिष्ठानलाई तत्कालै जग्गा उपलब्ध गराइदिन प्रतिष्ठान आग्रह गर्दछ । चाँडोभन्दा चाँडो आफ्नो भवन निर्माण गरेर यस प्रतिष्ठान नाट्य संगीतको प्रवर्द्धन एवं विकासमा अग्रगामी रूपमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछ ।

# विषय-सूची


प्रधानमन्त्रीद्वारा कुलपतिलाई सपथग्रहण | ३

कुलपतिद्वारा पदाधिकारीलाई सपथग्रहण | ४

प्रज्ञा प्रतिष्ठानबाट डबली यात्रा सुरु | १३



बसन्तपुर डबलीमा घुम्रिएको कपाल | १४

पाटन डबलीमा लोक धून र नेपाली नृत्य | १५

भक्तपुरमा चौथो डबली यात्रा | १६

सौराहाको डबलीमा थारू नाचको रौनक | १७

जानकीको काखमा सांस्कृतिक मेला | १८

सांस्कृतिक मेलाले नचायो लुम्बिनीवासीलाई | २०

पाँचथरमा राष्ट्रिय सांस्कृतिक मेला | २२

सम्झनामा जनकवि केशरी | २५

दर्शकका प्रिय अभिनेता थिए श्रीकृष्ण | २६

# संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानमा पदाधिकारी नियुक्ति

काठमाडौं । पाँच महिनादेखि रिक्त रहेको नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको प्राज्ञ परिषद् पदाधिकारी र प्राज्ञ सभा सदस्यको नामावली १९ भदौमा प्रधानमन्त्री सुशील कोइरालाले अनुमोदन गर्नुभयो । यो प्रतिष्ठान २०७१ वैशाखबाट प्राज्ञ परिषद् र प्राज्ञ सभाविहीन थियो ।

संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयद्वारा स्वीकृतका लागि पठाइएको पदाधिकारी तथा प्राज्ञ सभा सदस्यको नामलाई प्रधानमन्त्री कोइरालाले अनुमोदन गर्नुभएको हो ।

प्रधानमन्त्रीद्वारा अनुमोदित यस प्रतिष्ठानको कुलपतिमा अग्रज नाट्यकर्मी तथा साहित्यकार भक्त श्रेष्ठ 'सरूभक्त', उपकुलपतिमा अग्रज संगीतकार शम्भुजीत बासकोटा, सदस्य सचिवमा अग्रज संगीतकार गणेश रसिक हुनुहुन्छ ।

यस्तै, प्राज्ञ परिषद् सदस्यमा कलाकारहरू रमेशरञ्जन झा, माधव प्रधान, उन्नति बोहरा 'शीला', पवित्रा घर्तीमगर, पुष्करबहादुर गुरूङ र उदयचन्द्र श्रेष्ठ हुनुहुन्छ । यस्तै, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सभा सदस्यमा १५ जना कलाकारलाई चयन गरिएको छ । यसरी चयन हुनुभएका प्राज्ञ सभा सदस्यहरूमा अशोककुमार राई, आशाकाजी श्रेष्ठ, भोजराज भट्ट, बृजकिशोर सहनी, दुर्गाबहादुर रायमाझी, खेम नेपाली हुनुहुन्छ ।

यस्तै, कोमल निरौला, कृष्णभक्त महर्जन, कृष्णसुधा ढुंगाना, नारायणीदेवी प्रधान, नरेन्द्रराज रेग्मी, प्रकाश घिमिरे, पूर्ण नेपाली, रामकुमार धामी र सानु शिबा पनि प्राज्ञ सभा सदस्यमा चयन हुनुभएको छ ।

नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका संरक्षक प्रधानमन्त्री कोइरालाले २२ भदौमा कुलपति सरूभक्तलाई सपथ ग्रहण गराउनु हुने भएको छ ।



## प्रधानमन्त्रीद्वारा कुलपतिलाई सपथग्रहण

काठमाडौं । नेपाल संगीत तथा नाट्य प्रज्ञा परिषद्का संरक्षक प्रधानमन्त्री सुशील कोइरालाले २२ भदौ आइतबार बिहान यस प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ 'सरूभक्त' लाई सपथ ग्रहण गराउनुभयो ।

प्रधानमन्त्री कोइरालाले आफ्नै निवास बालुवाटारमा नेपाल प्रज्ञा प्रतिष्ठान (भाषा साहित्य) का कुलपति गंगाप्रसाद उप्रेतीलाई कुलपति पदमा सपथ ग्रहण गराएपछि सोही कार्यक्रममा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरूभक्तलाई सपथ ग्रहण गराउनुभएको हो । कार्यक्रममा संस्कृतिमन्त्री भीमप्रसाद आचार्य, संस्कृति मन्त्रालयका सचिव सुरेशमान श्रेष्ठको पनि उपस्थिति थियो । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानकी कुलपति रागिनी उपाध्याय कार्य सिलसिलामा भारत जानुभएकाले उहाँको सपथग्रहण यस कार्यक्रममा हुन सकेन ।

सपथग्रहण गराएपछि कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री कोइरालाले नवनियुक्त कुलपतिद्वयलाई इमान्दारीका साथ काम गर्न सुझाव दिँदै भन्नुभयो, 'प्रतिष्ठानको गरिमा र पदीय दायित्वलाई मनमा राखेर काम गर्नुहोला ।'

उहाँले अगाडि भन्नुभयो, 'हामी नयाँ युगमा प्रवेश गर्दैछौं, अब अन्धकारबाट मुक्ति पाउनुपर्छ ।' कलमले परिवर्तनलाई प्रेरित गरेको आफूले देखेको स्मरण गराउँदै प्रधानमन्त्री कोइरालाले कुलपतिद्वयलाई सकरात्मक परिवर्तनका काम गर्न सल्लाह दिनुभयो ।



# कुलपतिद्धारा पदाधिकारीलाई सपथग्रहण

काठमाडौं । नेपाल सँगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरूभक्तले २२ भदौमा प्रतिष्ठानका प्राज्ञ परिषद पदाधिकारीलाई सपथग्रहण गराउनु भयो । प्रधानमन्त्री शुशिल कोईरालाबाट आफुले कुलपतिको सपथग्रहण गरे लगत्तै उहाँले प्राज्ञ परिषद पदाधिकारीलाई सपथग्रहण गराउनु भएको हो ।

सँस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री भिमप्रसाद आचार्य, सँस्कृति मन्त्रालयका सचिब सुरेशमान श्रेष्ठको उपस्थितिमा कुलपति सरूभक्तले सुरुमा उपकुलपति शम्भुजीत बासकोटालाई पदको सपथग्रहरण गराउनु भयो । त्यसपछि कुलपति सरूभक्तले सदस्य सचिब गणेश रसिकलाई सपथ ग्रहण गराउनु भयो ।

सदस्य सचिबको सपथग्रहण पछि प्राज्ञ परिषद सदस्यलाई उहाँले सामुहिक रूपमा पदीय सपथग्रहण गराउनु भयो । कार्यक्रममा मन्त्री आचार्यले नेपाल सँगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका नबनियुक्त कुलपति, उपकुलपति, सदस्य सचिब र प्राज्ञ परिषद सदस्यको कार्यकाल सफलताको कामना गर्नु भएको थियो ।

# प्रतिष्ठानमा स्वागत एवं परिचय

काठमाडौं । २२ भदौमा सपथ ग्रहण समारोहको लगत्तै पछि कुलपति सरूभक्त, उपकुलपति शम्भुजीत बासकोटा, सदस्य सचिब गणेश रसिक सहित प्राज्ञ परिषद पदाधिकारीहरूले काठमाडौंको छाउनी स्थित नेपाल सँगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको कार्यलय पुग्नु भयो ।

कार्यालयमा उहाँहरूलाई प्रतिष्ठानका कर्मचारीले क्रममा स्वागत गरेका थिए । त्यसपछि उहाँहरूले आ आफ्नो कार्यकक्ष प्रबेश गरी पदभार ग्रहण गर्नु भयो ।

त्यसपछि आयोजित स्वागत तथा परिचय कार्यक्रममा कुलपति सरूभक्त उपकुलपति बासकोटा, सदस्य सचिब रसिक र प्राज्ञ परिषद सदस्यहरूले आफ्नो परिचय दिँदै प्रतिष्ठानको भावी योजना बारे आफ्ना भनाई राख्नु भयो । सो क्रममा प्रतिष्ठान पदाधिकारी र कर्मचारी बीच परिचय कार्यक्रम भएको थियो ।





## कुलपति

# सरुभक्त

नेपाली साहित्य क्षेत्रका अग्रज स्रष्टा भक्त श्रेष्ठ 'सरुभक्त' हाल यस नेपाल संगीत तथा नाट्य प्रज्ञा परिषद्का कुलपति हुनुहुन्छ । यसअघि उहाँ नेपाल राजकीय प्रज्ञा परिषद्को परिषद् सदस्य हुनुहुन्थ्यो ।

उहाँको जन्म बागबजार-१ पोखरामा हरितालिका तिजका दिन २०१२ सालमा भएको हो । उहाँले अँग्रेजी साहित्य, अर्थशास्त्र, इतिहास र समाजशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ । उहाँले स्कुले जीवनदेखि नै साहित्य र नाट्य यात्रा सुरु गर्नुभएको हो । उहाँका १३ ओटा नाट्य पुस्तक प्रकाशित छन् । जसमा युद्ध : उही ग्याँस चेम्बरभित्र, इतिहासभित्रको इतिहास, शिशिरका अन्तिम दिनहरू, इथर, एसोधम्मो सनंतनो, गाउँघरका नाटकहरू, बालबालिकाहरूको नाटक रहेका छन् । अन्य नाट्यकृति असमय अमौसम, निमावीय, जस्तो दन्त्यकथा, सिरूमारानी, गाउँको कथा यस्तो हुन्छ है र शरणार्थीहरू हुन् ।

उपन्यास पागल बस्तीबाट २०४८ सालमा मदन पुरस्कार प्राप्त गर्नुभएका कुलपति सरुभक्तका तरुनी खेती, समय त्रासदी, चुली (द पिक) जस्ता उपन्यास, अँध्यारो कोठा बाल उपन्यास प्रकाशित छन् । छोरी ब्रह्माण्ड, एक अभिनवको आत्मकथा, यामागल, पदार्थहरूको गीत जस्ता विज्ञान कथा संग्रह प्रकाशित छन् । त्यस्तै, उहाँका कुरूप मसिहा, ज्यानमाया, कापुरुष, भेडीगोठ, झुमा जस्ता खण्डकाव्य तथा कवि प्रेमी र पागल, प्रयोगशाला भित्रलगायतका कवितासंग्रह र हजार बुद्धहरू, प्रेमयात्रालगायतका मुक्तक सँग्रह प्रकाशित छन् । सरुभक्तले लेखेका दर्जनौं गीत चर्चित छन् ।

कुलपति सरुभक्त पोखरेली युवा सांस्कृतिक परिवार, युवा नाटक परिषद्, प्रतिबिम्ब नाट्य परिवारका संस्थापक, संरक्षण कविता आन्दोलनका संयोजक, विज्ञान साहित्य समाजका अध्यक्ष तथा आधा दर्जन अन्य संस्थाका सल्लाहकार हुनुहुन्छ ।

आफ्ना कविताबाट कुलपति सरुभक्तले राष्ट्रिय कविता महोत्सव-२०३५ मा तृतीय र २०४२ मा प्रथम पुरस्कार जित्नुभएको थियो । कुशल अभिनेता र नाटक निर्देशक कुलपति सरुभक्तले राष्ट्रिय नाटक महोत्सव-२०३६ मा सर्वोत्कृष्ट निर्देशक र अभिनेता एवं राष्ट्रिय नाटक महोत्सव-२०४२ मा सर्वश्रेष्ठ नाटककारको पुरस्कार जित्नुभयो । उहाँ युवा वर्ष मोती पुरस्कार, शिरोमणि पुरस्कारसहित दर्जन पुरस्कार र चार दर्जनभन्दा बढी सम्मानबाट सम्मानित हुनुहुन्छ ।



## उपकुलपति

# शम्भुजीत बासकोटा

यस नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाको जन्म १५ मार्च सन् १९५७ मा काठमाडौंको पानीपोखरी महाराजगन्जमा भएको हो । उहाँले पञ्जाव विश्वविद्यालय, भारतबाट स्नातक र प्रयाग संगीत, इलाहावाद, भारतबाट बी म्युज गर्नुभएको छ ।

गायक तथा संगीत निर्देशकको रूपमा २०२८ सालबाट उहाँले संगीत यात्रा सुरु गर्नुभएको हो । नेपाली संगीत क्षेत्रमा आफ्ना फरक उचाइ बनाउनुभएका उहाँ गायक, गीतकार, संगीत निर्देशकका रूपमा स्थापित हुनुहुन्छ । मूलतः नेपाली सुगम संगीत र नेपाली चलचित्र संगीतको विकासमा उपकुलपति बासकोटाले अद्वितीय योगदान रहेको छ ।

उहाँले तीन सय ५० भन्दा बढी नेपाली चलचित्रमा संगीत निर्देशक भई संगीत सिर्जना गरिसक्नुभएको छ । उहाँले संगीत निर्देशन गर्नुभएका ऐतिहासिक चलचित्र प्रेमपिण्ड, सीमारेखा, बसन्ती, सेतोबाघ आदि हुन् । उहाँले दुई हजारभन्दा बढी नेपाली आधुनिक गीत, लोकसंगीत, राष्ट्रिय गीत तथा भजनहरूमा संगीत निर्देशन गरिसक्नुभएको छ ।

नेपाल प्रज्ञा-प्रतिष्ठानको संगीत शाखा प्रमुख तथा संगीत निर्देशक हुनुहुन्छ । उपकुलपति बासकोटाले सात सयभन्दा बढी रेडियो तथा टिभी विज्ञापनको जिंगल लेखन र संगीत सिर्जना गर्नुभएको छ । उहाँले नेपाली टेलिभिजनको कार्यकारी अध्यक्ष तथा महाप्रबन्धक, चलचित्र विकास बोर्डको कार्यकारी अध्यक्षको रूपमा काम गरिसक्नुभएको छ । उहाँ शाही नेपाल चलचित्र संस्थानको सञ्चालक समिति सदस्य, नेपाली संगीत निर्देशक संघको संस्थापक अध्यक्ष हुनुहुन्छ । हाल उहाँ नातिकाजी स्मृति समाजको अध्यक्ष हुनुहुन्छ ।

नेपाल टेलिभिजनका लागि संगीत संगम, प्रतिभाको डबली, तीतोसत्य, सिर्जनाको आधा घन्टा जस्ता विभिन्न कार्यक्रमका परिकल्पनाकार बासकोटाले १५ ओटा नेपाली चलचित्रको कथा लेख्नुभएको छ । सम्पूर्ण रूपमा गीत भएको नेपालको पहिलो गीति चलचित्र गौंथलीको ५९ ओटै गीतको धुन र संगीत निर्देशन उहाँले नै गर्नुभएको हो ।

उपकुलपति बासकोटा प्रबल गोरखा दक्षिण बाहु, बिख्यात त्रिशक्तिपट्ट, सुप्रबल जनसेवाश्री चौथो, संगीत शिरोमणि (नेपाल चलचित्र प्राविधिक संघबाट) जस्ता मानपदवीबाट विभूषित हुनुहुन्छ । यस्तै, छिन्नलता गीति पुरस्कार, नारायणगोपाल पुस्कारसहित तीन दर्जन पुरस्कार र सम्मानबाट उहाँ सम्मानित भइसक्नुभएको छ ।



## सदस्य सचिव

# गणेश रसिक राई

विगत साढढे चार दशकदेखि नेपाली कला, साहित्य, संगीत र गायनमा सक्रिय गणेश रसिक राई हाल नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव हुनुहुन्छ ।

४ असोज २००४ सालमा छिनामखु-५ नौलागाउँ, भोजपुरमा जन्मनुभएका रसिकले स्नातकसम्मको अध्ययन गर्नुभएको छ । स्कुले जीवनबाटै उहाँले कला यात्रा सुरू गर्नुभएको हो । आफ्नो स्वर र संगीतमा मेरो अतीत, अन्तराल-१ र अन्तराल-२ जस्ता गीतिसंग्रह स्रोतामाझ ल्याइसक्नु भएका उहाँको संगीतमा तिम्रा सपनाहरू, साइँली, ओ ! शून्यता जस्ता गीतिसंग्रह पनि बजारमा आइसकेका छन् । विभिन्न संस्थानमा रहेर डेढ दशक सेवा गर्नुभएका उहाँले रत्न रेकर्डिङ संस्थाको अध्यक्ष/ महाप्रबन्धक, साझा प्रकाशनको अध्यक्ष/महाप्रबन्धक र सांस्कृतिक संस्थानको महाप्रबन्धकको रूपमा काम गरिसक्नुभएको छ ।

साहित्यमा आफ्नो छुट्टै परिचय बनाउनु भएका रसिकका कथासंग्रहहरू क्षितिजलाई छुन खोज्दा, एउटा सारंगीभित्र, बिलाउँदै गएको गीत, गीति पुस्तक रसिकका गीतहरू, स्वाधीनताको गीत, संस्मरण संग्रह जब सिस्नुहरू टेक्दै हिँडे, दसगजामा उभिएर प्रकाशित छन् । उहाँले आकाशगंगाको ओतमुनि जस्तो औपन्यासिक कृति पनि पाठकसामु ल्याइसक्नुभएको छ । रसिक फिक्कल- ५ मा रहेको रेडियो फिक्कलको अध्यक्ष, लेकाली नेपाल र नौलो गाउँ प्राथमिक विद्यालय छिनामखु भोजपुरका संस्थापक हुनुहुन्छ ।

रसिक दर्जनौं सम्मान, पुरस्कार तथा मान पदवी/पदकबाट सम्मानित भइसक्नुभएको छ । उहाँले सहिद दिवस कविता महोत्सव-२०२५, राष्ट्रिय कविता महोत्सव-२०२५ र सोही वर्षको नेपाल युवा महोत्सवमा कथातर्फ प्रथम पुस्कार जित्नुभएको थियो । ०२८ सालमा रेडियो नेपालको राष्ट्रिय गीत प्रतियोगितामा उत्कृष्ट गीतकारको अवार्ड जित्नु भएका रसिक गोरखा दक्षिणबाहु चौथो, शुभ राज्यभिषेक पदक, रत्नश्री स्वर्ण पदक, वीरेन्द्र ऐश्वर्य सेवा पदक, नागरिक सेवा पदक जस्ता विभिन्न मानपदवीबाट विभूषित भइसक्नुभएको छ ।

उहाँले छिन्नलता गीति पुरस्कार-०५६, बासुशशि स्मृति पुरस्कार-०६०, पद्मश्री साहित्य सम्मान-०६३ सहित दर्जन पुरस्कार प्राप्त गर्नुभएको छ । सदस्य सचिव रसिक कलानिधि इन्दिरा संगीत सम्मान, पूर्वाञ्चल सांस्कृतिक सम्बर्द्धन केन्द्रसहित एक दर्जन संघ/संस्थाबाट सम्मानित भइसक्नुभएको छ ।



## प्राज्ञ परिषद् सदस्य

# उदयचन्द्र श्रेष्ठ

साढे तीन दशकभन्दा लामो समयदेखि गीत-संगीतमा सक्रिय स्रष्टाको रूपमा उदयचन्द्र श्रेष्ठ परिचित हुनुहुन्छ । हाल उहाँ यस नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य हुनुहुन्छ ।

प्राज्ञ श्रेष्ठको जन्म १५ पुस २०१८ मा ओखलढुंगा बजार-५, ओखलढुंगामा भएको हो । तत्कालीन सांगीतिक आन्दोलन समूह राल्फाका स्रष्टा रामेश श्रेष्ठ, रायन, मञ्जुल आदिको संगतले स्कुले जीवनबाटै गीत-संगीतमा उहाँ लाग्नुभएको थियो । यसरी स्कुलबाट सुरु भएको गीत-संगीतको यात्रालाई उहाँले कलेज जीवनमा पनि निरन्तरता दिनुभयो । स्नातकोत्तरसम्म अध्ययन गर्नुभएका श्रेष्ठले ओभरसियरको अध्ययन गरेर ओभरसियर पेसा पनि अपनाउनुभयो । सोही क्रममा उहाँ दुई कार्यकालसम्म नेपाल ओभरसियर एसोसियनसनको महासचिवसमेत हुनुभयो ।

संगीततर्फ प्राज्ञ श्रेष्ठका एकल र संयुक्त गरेर एक दर्जन गीतिसंग्रहहरू छन् । तीमध्ये उहाँको एकल संगीतमा रहेको गीतिसंग्रह उज्यालो र इन्टरनेटैमा हुन् । उहाँको स्वर संगीत रहेको संयुक्त गीतिसंग्रहमा सूर्य उदायो, ढालेर सालिक ढल्दैन, हाम्रा स्वरहरू, शान्तिका सन्देशहरू, स्वर लहरीलगायत हुन् ।

गीत-संगीतसँगै अभिनय र नृत्यमा पनि लाग्नुभएका प्राज्ञ श्रेष्ठले किसानसहित विभिन्न नाटक र नृत्य नाटिकामा देश विदेशमा अभिनय गर्नुभएको छ । २०३६ सालमा संकल्प परिवारसँग सम्बद्ध भएपछि उहाँले विभिन्न संकल्प गीति कार्यक्रममा गीतस-ंगीत प्रस्तुत गर्नुभयो । पञ्चायती शासन व्यवस्थाविरूद्ध त्यतिबेला सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्ने क्रममा उहाँ पटक-पटक प्रहरीबाट पक्राउ पर्नुभएको थियो ।

यसरी संकल्प परिवार, आस्था परिवार हुँदै २०४४ सालमा जनसांस्कृतिक मञ्चमा सहभागी भएपछि उहाँले सो मञ्चमा रहेर निरन्तर सांगीतिक कार्यक्रम गर्दै आउनुभएको छ । सोही क्रममा उहाँ राष्ट्रिय जनसंगीत मञ्चको दुईपटकसम्म अध्यक्ष हुनुभयो । विभिन्न सम्मान र पुरस्कारबाट विभूषित प्राज्ञ श्रेष्ठ हाल राष्ट्रिय जनसांस्कृतिक महासंघको केन्द्रीय अनुशासन आयोग अध्यक्ष हुनुहुन्छ ।



प्राज्ञ परिषद् सदस्य

## उन्नति बोहरा 'शीला'

गीत-संगीत, साहित्य र कलामा आफूलाई स्थापित गर्नुभएका स्रष्टा उन्नति बोहरा 'शीला' को जन्म २९ पुस २०१२ मा बाग्लुङको गलकोट कौलेनीमा भएको हो । स्कुले जीवनदेखि नै कला साहित्यमा रूचि राख्नुहुने बोहरा हाल नेपाल संगीत तथा नृत्य प्रज्ञा प्रतिष्ठानको प्रज्ञा परिषद् सदस्य हुनुहुन्छ । यसअघि उहाँ यही प्रतिष्ठानमा प्राज्ञ सभा सदस्य हुनुहुन्थ्यो ।

राजनीतिशास्त्रमा स्नातकोत्तरसम्मको अध्ययन गर्नुभएकी उहाँले ६ वर्षसम्म प्रध्यापन गर्नुभयो । गीत लेखन र साहित्य सिर्जनामा निरन्तर सक्रिय रहँदै आउनुभएकी उहाँका एक दर्जनभन्दा बढी गीतिसंग्रह स्रोतामाझ आइसकेका छन् । ती गीतिसंग्रहहरू यादहरूमा, लहर, भूल भयो मबाट, फर्कि आऊ शान्ति तिमी, मेरो आशक्ति, फेरि एकपल्ट, यो सिलसिला, मेरो मायालाई, मसँग नहुँदा, धर्तीको फूल, मायाले बाँध, सद्भावनाका फूलहरू, सिर्जनाका रंगहरू र धर्तीको सन्देश हुन् ।

उहाँका नौओटा साहित्यिक कृति प्रकाशित छन् । जसमा सिक्काका दुई पाटा, तृष्णा गरी दुई उपन्यास, कोसेली उसैलाई, भावनाका तरंग गरी दुई कवितासंग्रह रहेका छन् । यस्तै, उहाँका अदृश्य घाउ, शीलाका स्पर्शहरू, काफल पाक्यो, सफ्ट सेन्सेसन जस्ता गीतिसंग्रह प्रकाशित छन् ।

प्रबल गोरखा दक्षिणबाहु चौथो-२०६१, भानुभक्त स्वर्ण पदक-२०७१, विश्व नारी नेपाली साहित्य पदक-२०७१ बाट विभूषित उहाँले छिन्नलता गीति पुरस्कार-२०६५, सर्वोत्कृष्ट राष्टिय भावनाको गीतमा इमेज अवार्ड-२०६२ र सर्वोत्कृष्ट राष्ट्रिय भावनाको गीतमा स्टार एफएम अवार्ड-२०७१ जस्ता पुरस्कार प्राप्त गरिसक्नुभएको छ ।

भद्रकुमारी घले सेवा सदनबाट अभिनन्दित प्राज्ञ बोहरा नातिकाजी विशेष संगीत सम्मान, नेपाल सम्मान, हारती सम्मान, राष्ट्रिय नारी सम्मान, राष्ट्र विकास सम्मानसहित पाँच दर्जन जति सम्मानबाट सम्मानित भइसक्नु भएको छ ।

डा. हर्षबहादुर बुढामगर स्मृति प्रतिष्ठान, नेपाल महिला गीतकार संघकी संस्थापक अध्यक्ष बोहरा हाल अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (नेपाल च्याप्टर) की उपाध्यक्षसहित डेढ दर्जन संस्थासँग सम्बद्ध हुनुहुन्छ ।



प्राज्ञ परिषद् सदस्य

## पवित्रा घर्तीमगर

गायिकाको रूपमा आफ्नो परिचय बनाउनु भएकी कलाकार एवं प्राज्ञ पवित्रा घर्तीमगरको जन्म १५ मंसिर २०३० मा बुढागाउँ-५ रोल्पामा भएको हो । उहाँ हाल नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानकी प्राज्ञ परिषद् सदस्य हुनुहुन्छ ।

विद्यार्थी कालदेखि नै लोकभाकामा रूचि राखेर गाउन थाल्नुभएकी घर्तीमगरले थुप्रै पश्चिमेली भाकाका गीत गाइसक्नुभएको छ । २०४२ सालमा अञ्चलस्तरीय लोक दोहोरी गायन प्रतियोगितामा प्रथम भएर आफ्नो अञ्चाल धौलागिरीको प्रतिनिधित्व गर्दै उहाँले राष्ट्रिय लोकदोहोरी प्रतियोगितामा काठमाडौंमा भाग लिनुभयो । सोही वर्ष उहाँ राष्ट्रिय लोकदोहोरी प्रतियोगितामा प्रथम पनि हुनुभयो । २०४३ सालमा राष्ट्रिय नाचघरमा सम्पन्न देशव्यापी सांस्कृतिक कार्यक्रममा पनि प्रथम पुरस्कार जित्नुभएकी उहाँले २०४४ सालमा दोलखाको जिरीमा सम्पन्न लोकदोहोरी प्रतियोगिता, २०४८ मा पोखरामा भएको दोहोरी प्रतियोगिता, २०५१ मा हेटौंडामा भएको दोहोरी प्रतियोगितामा पनि प्रथम स्थान नै हासिल गर्नुभएको थियो ।

यसपछि गायनलाई निरन्तरता दिँदै आउनुभएकी प्राज्ञ घर्तीमगरले हालसम्म पाँच सयओटा लोक, लोकदोहोरी आधुनिक गीत गाइसक्नुभएको छ । जसमध्य करिब ५० ओटा गीत उहाँका रेडियो नेपालमा रेकर्ड भएका थिए । उहाँका दर्जन गीतिसंग्रहहरू छन् ।

स्नातकसम्मको अध्ययन गर्नुभएकी घर्तीमगरले गायनमा भारतको इलाहाबाद बोर्डबाट डिप्लोमा गर्नुभएको छ । स्वास्थ्यमा प्रमाणपत्र तह उत्तीर्ण गर्नुभएपछि नर्सको रूपमा केही समय स्वास्थ्य क्षेत्रमा पनि काम भयो ।

केही नाटक र मगर भाषाको चलचित्र मोड्याल्नीमा कलाकारको रूपमा अभिनयसमेत गर्नुभएकी उहाँले सांस्कृतिक संस्थानमा गायिका कलाकारको रूपमा ६ वर्ष काम गर्नुभयो ।



प्राज्ञ परिषद् सदस्य

## पुष्करबहादुर गुरूङ

विगत तीन दशकदेखि नाट्य क्षेत्रमा क्रियशील कलाकार पुष्कारबहादुर गुरूङको जन्म ५ जुन सन् १९६३ मा फास्कु-७, दोलखामा भएको हो । कानुनमा स्नातक गुरूङ अहिले यस नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको प्राज्ञ परिषद् सदस्य हुनुहुन्छ ।

सन् १९८० मा अशेष मल्ल निर्देशित नाटक सडकसम्मबाट अभियन यात्रा सुरु गर्नुभएका गुरूङले मल्लकै नाटकहरूको नाटक, हामी बसन्त खोजीरहेछौं, समाप्त असमाप्त, तुवाँलोले ढाकेको बस्ती जस्ता थुप्रै नाटकमा अभिनय गर्नुभयो । विभिन्न निर्देशकको निर्देशनमा ह्वाईट टाइगर, द बिग विन्ड, बुर्की, चारूमती, ओडिपस रेक्स, नेपाल आमासहित तीन दर्जन नाटक र दर्जनौ सडक नाटकमा अभिनय गरिसक्नुभएको छ ।

प्राज्ञ गुरूङले नेपाली चलचित्र तथा टेलिचलचित्रमा पनि अभियन गरिसक्नुभएको छ । उहाँ अभिनित चलचित्रहरू अनागरिक, कागबेनी, धन्दा, बधशाला, उमा, डु यु लभ मी, ब्लक लिभ र कबड्डी हुन् । यस्तै उहाँ अभिनित टेलिचलचित्र एक रात, तेह्र वर्ष, सुरुचि, दलन र जेल एब्रोड हुन् ।

अभिनेतासँगै प्राज्ञ गुरूङ कुशल नाट्य निर्देशकका रूपमा पनि परिचित हुनुहुन्छ । गुरूङले निर्देशन गरेका सडक नाटकहरू विवाह, जलपरी, जान्नैपर्ने कुराहरू, बल्ल पो थाहा भयो, अतिथि देवो भव:, परिचय हराएको मान्छेलगायत चर्चित छन् ।।

आफ प्रशिक्षक भएर प्राज्ञ गुरूङले देश विदेशका रंगकर्मी एवं सिनेकर्मीलाई दर्जनभन्दा बढी अभिनय, नाट्य कार्यशालामा प्रशिक्षण दिइसक्नुभएको छ । नाटक मञ्चन गर्ने क्रममा देश विदेश पुग्नुभएका उहाँ लामो समय पर्यटन व्यवसायमा पनि सक्रिय रहनुभयो ।

रंगमञ्चमा निरन्तर योगदान दिँदै आएको संस्था डबली थियटरका संस्थापक अध्यक्ष गुरूङ हाल नेपाल सेन्टर अफ द इन्टरनेसनल थियटर इन्स्टिच्युटका अध्यक्ष र इन्डिजिनियस फिल्म अर्काइभका उपाध्यक्ष हुनुहुन्छ । उहाँले आरोहण सम्मानसहित विभिन्न सम्मान र पुरस्कार पनि पाउनुभएको छ ।



प्राज्ञ परिषद् सदस्य

## माधवकुमार प्रधान

गायन, संगीत अभिनयमा आफूलाई स्थापित गर्नुभएका कलाकार माधवकुमार प्रधान हाल नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य हुनुहुन्छ । उहाँले नेपाली कला संगीतको विकासमा उल्लेख्य योगदान पुऱ्याउनु भएको छ ।

१८ मंसिर २०१३ सालमा फुङलिङ-४, ताप्लेजुङमा जन्मनुभएका प्राज्ञ प्रधानले ग्रामीण विकास र समाजशास्त्र गरी दुई विषयमा स्नातकोत्तर गर्नुभएको छ ।

बीएल उत्तीर्णपछि अधिवक्तासमेत हुनुभएका प्रधानले संगीतमा प्रमाणपत्र उत्तीर्ण गरेपछि संगीत सिर्जनालाई निरन्तता दिनुभएको हो । विगत चार दशकदेखि उहाँ संगीत, अभिनय, नृत्य वाद्यवादन जस्ता विधामा क्रियाशील हुनुहुन्छ ।

२०३० सालमा रेडियो नेपालबाट दुईओटा गीत रेकर्ड गराएर उहाँले औपचारिक रूपमा गायन यात्रा सुरु गर्नुभएको हो । कलेजस्तरीयसहित विभिन्न गायन प्रतियोगितामा पुरस्कृत हुँदै उहाँले २०३७ सालमा काठमाडौंको राष्ट्रिय सभागृहमा एकल गायन प्रस्तुत गर्नुभएको थियो । सोही वर्ष अखिल नेपाल स्वतन्त्र विधार्थी युनियनका केन्द्रीय सांस्कृतिक कमिटीको संयोजक भएपछि उहाँले देश विदेशमा सांस्कृतिक कार्यक्रम तथा नाटक निर्देशन गर्नुभयो । प्राज्ञ प्रधानले त्यतिबेला जब बहिनी ब्यूँफिन्छिन्, दिशाबोध, सहिद चौतारो, अन्धकार युगका अमर सहिदहरू आफ्नो निर्देशनमा राजधानी र मोफसलमा मञ्चन गर्नुभयो ।

उहाँ जनवादी संगीतकर्मीका रूपमा समेत परिचित हुनुहुन्छ । २०४६ सालपछि उहाँले मुलुकका विभिन्न स्थानमा जनसांस्कृतिक कार्यक्रममा जनवादी गीतहरू प्रस्तुत गर्नु भयो । लोकभाका गाउन पनि त्यत्तिकै सिपालु प्राज्ञ प्रधानको स्वर, संगीत तथा रचनामा आधा दर्जन गीतिसंग्रह बजारमा आइसकेका छन् । तम्बर दोभान, ताप्लेजुङको बजारैमा, स्वर लहरी, गणतन्त्र ल्याउन, आठौं संगम, दिउसिरे गीतहरू जस्ता फरक फरक संगीतका एल्बम उहाँले निकाल्नुभएको छ ।

दुईपटकसम्म नेपाल टेलिभिजनको सञ्चालक समिति सदस्यको कार्यभार निर्वाह गरिसक्नुभएका प्राज्ञ माधव प्रधान हाल राष्ट्रिय जनसंगीत मञ्चको अध्यक्षसमेत हुनुहुन्छ ।

# प्राज्ञ सभा सदस्य परिचय



## प्राज्ञ परिषद् सदस्य
## रमेशरञ्जन झा

नेपाल संगीत तथा नाट्य प्रज्ञा- प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य रमेररञ्जन झा रंगमञ्च क्षेत्रमा कलाकार, लेखक, निर्देशक तथा संस्कृतिविद्का रूपमा परिचित हुनुहुन्छ। नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको पहिलो कार्यकालमा पनि उहाँ परिषद् सदस्य र २०६२ मा नेपाल प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सभा सदस्यको हुनुहुन्थ्यो ।

१८ जुन सन् १९५९ मा देउरी प्रवाह-२ धनुषामा जन्मनु भएका प्राज्ञ झाले स्कुले जीवनबाटै कला यात्रा सुरू गर्नुभएको हो। भारतको दरभंगाबाट संस्कृतमा स्नातक गर्नु भएका झा तीन दशकदेखि नाट्य क्षेत्रसँगै कला, साहित्यमा क्रियाशील हुनुहुन्छ ।

२०४९ सालमा युनिसेफको सडक नाटक को-अर्डिनेटर भएर उहाँले त्यतिबेला कैयौं स्थानमा सडक नाटक देखाउनु भयो । दर्जनौं मैथिली नाटक निर्देशन गर्नुभएका उहाँले मैथिली भाषामा मुर्दा, बयिया, सखी, नै बाबा नै जस्ता थुप्रै चर्चित नाटक लेख्नुका साथै ५० भन्दा बढी नाटकमा अभिनय गर्नुभएको छ। प्राज्ञ झाले मह जोहीको टेलिचलचित्र आमा, सृष्टि, कालाज्वारमा पनि अभिनय गर्नुभएको छ । मैथिली चलचित्र कनियाँ पुत्र, ममता, टेलिचलचित्र बाबाको लेखन निर्देशन गर्नुभएका झाले वीर गणेशमान, लालटिन, ढुवानी, फिटकिरी जस्ता नेपाली तथा थुप्रै मैथिली चलचित्रमा अभिनय गरिसक्नुभएको छ ।

सौरठ सभा, मधेस आन्दोलनसहित २५ भन्दा बढी वृत्तचित्र लेखन/निर्देशन गर्नुभएका झाले जनकपुरको रेडियो टुडे एफएम र रेडियो जनकपुर एफएमको स्टेजन म्यानेजरको कार्यभार निर्वाह गरिसक्नुभएको छ ।

नेपाल सरकारबाट राष्ट्रिय प्रतिभा पुरस्कार-०५४, महाकवि देवकोटा पुरस्कार-०६९, सरस्वती राजनारायण कला पुरस्कार-०६८ प्राप्त गरिसक्नुभएका प्राज्ञ झा सर्वोत्कृष्ट राष्ट्रिय कविता पुरस्कार-०५३ र पारिजात सृजना पुरस्कार-०६७ बाट पनि पुरस्कृत हुनुभएको छ। उहाँले मैथिली चलचित्रबाट सर्वोत्कृष्ट खलचरित्र तथा मैथिली नाटकबाट सर्वोत्कृष्ट चरित्र अभिनेताको अवार्ड जितिसक्नुभएका छ। उहाँका संगोर, युमाश जस्ता उपन्यास, विभिन्न नाटक, फुटकर कथा, कविता प्रकाशित छन् ।



## प्राज्ञ सभा सदस्य
## आशाकाजी श्रेष्ठ

आफ्नो कुशल अभिनय, गायन र नृत्यबाट कलाक्षेत्रमा स्थापित कलाकार आशाकाजी श्रेष्ठको जन्म १५ जेठ २०२२ सालमा कानपुर-१ कालापानी काभ्रेमा भएको हो। श्रेष्ठले प्रमाणपत्र तहसम्मको अध्ययन गर्नुभएको छ। दर्जनौं लोकदोहोरी प्रतियोगितामा भाग लिएर थुप्रै पुरस्कार जित्नुभएका श्रेष्ठ कुशल लोकगायक पनि हुनुहुन्छ। उहाँको स्वरमा डाँडामाथि चौतारी..., पुर्वैको मादले..., ए साइली...जस्ता थुप्रै गीत रेकर्ड भएका छन् ।

श्रेष्ठ हाल नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सभा सदस्य हुनुहुन्छ। अभिनयमा पोख्त श्रेष्ठ हाल तरंग नाट्य समूह हेटौंडासँग आबद्ध हुनुहुन्छ। उहाँले अमर सिंहको खोजीमा, मान्छे बन्ने रहर जस्ता विभिन्न नाटकमा अभिनय गर्नुभएको छ। नाटक लेखक र निर्देशकका रूपमा समेत परिचित श्रेष्ठले सुन्तलीका कथा, जुँगे हबल्दार, जीवन यात्रा जस्ता थुप्रै नाटक र केही पुस्तक लेख्नुभएको छ ।



## प्राज्ञ सभा सदस्य
## प्रकाश घिमिरे

नाट्यकर्मी प्रकाश घिमिरे हाल यस नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सभा सदस्य हुनुहुन्छ । पोखरा-३ नदीपुर, कास्कीमा २३ असोज २०१८ सालमा जन्मनुभएका घिमिरेले शिक्षा संकायमा स्नातक उत्तीर्ण गर्नुभएको छ। स्कुले जीवनदेखि नै उहाँले अभिनय यात्रा सुरु गर्नुभएको हो ।

हाल पोखरेली युवा सांस्कृतिक परिवारका अध्यक्ष रहनुभएका घिमिरेले सर्वनाम, आरोहण गुरूकुल जस्ता नाट्य समूहमा आबद्ध भएर देश-विदेशमा ४० भन्दा बढी नाटकमा अभिनय गरिसक्नुभएको छ भने तीनओटा नाटकको निर्देशनसमेत गरिसक्नुभएको छ । उहाँले नाटक मञ्चनको क्रममा दक्षिण एसियाली सडक नाटक महोत्सव राष्ट्रिय नाटक महोत्सव, राष्ट्रिय नाटक विद्यालय दिल्लीको स्वर्ण महोत्सवमा भाग लिइसक्नुभएको छ ।

उहाँले दलनसहित विभिन्न टेलिचलचित्र र एक दर्जन नेपाली चलचित्रमा अभिनय गर्नुभएको छ । उहाँ त्रिवेणी, नेत्र स्मृति जस्ता पुरस्कारबाट पुरस्कृत हुनुहुन्छ ।



## प्राज्ञ सभा सदस्य
## अशोककुमार राई

हाङपाङ गाविस-७, ताप्लेजुङमा १७ असोज २०२७ सालमा जन्मनु भएका अशोककुमार राई संगीतकार, संगीत संयोजक, वाद्यवादक र गायकका रूपमा परिचित हुनुहुन्छ । उहाँ हाल यस नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य हुनुहुन्छ ।

संगीतमा प्रमाणपत्रसम्मको अध्यय पूरा गरेर संगीत क्षेत्रमा लाग्नु भएका राईले हलसम्म एक हजारभन्दा बढी गीतमा संगीत र करिब चार हजार गीतमा संगीत संयोजन गर्नुभएको छ । उहाँको संगीत तथा स्वरमा बतासेको घुम्ती, मन पो दुखाकी, यो जिन्दगी, रहर, यात्रा आरम्भ, आयाम, आमा, परिवर्तनका स्वरहरूसहित १३ ओटा गीतिसंग्रह निकालिसक्नुभएको छ ।

पल्टन, छिमेकी, जवाफ, चेसुङ, शस्त्र, मासेमी जस्ता चलचित्रमा संगीत दिइसक्नुभएका प्राज्ञ राईले आशा, आम्लारीफुङ, नेपाल गाथाजस्ता गीतिनाटक निर्देशन गरिसक्नुभएको छ । एकल स्वरमा तीनओटा सांगीतिक साँझ गरिसक्नुभएका प्राज्ञ राई दर्जनभन्दा बढी पुरस्कार र सम्मानबाट सम्मानित हुनुहुन्छ ।



## प्राज्ञ सभा सदस्य
## कोमल निरौला

गायन, वाद्यवादन, नृत्य अभिनयमा पोख्त कोमल निरौला (कोमलकुमार शर्मा निरौला) हाल यस नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य हुनुहुन्छ । उहाँको जन्म १२ कात्तिक २०१० सालमा नामसालिङ-२, इलाममा भएको हो । प्राज्ञ निरौलाले मानविकी र शिक्षा गरी दुई संकायमा स्नातक उत्तीर्ण गरिसक्नुभएको छ ।

चार दशकसम्म शिक्षा सेवामा बिताउनु भएका निरौला २०२६ सालमा रेडियो नेपालबाट स्वर परीक्षण उत्तीर्ण गरेपछि आफ्नो स्वरमा गीत रेकर्ड गराउन थाल्नुभएको हो । २०२७ सालबाट एक दशकसम्म उहाँ, लोक, आधुनिक, राष्ट्रियसहित विभिन्न शैलीका गीतहरू आफ्नो स्वरमा रेडियो नेपालमा रेकर्ड गराउनुभयो । उहाँका स्वरमा रेकर्ड भएको थुप्रै गीतहरू त्यो समयमा चर्चित थिए । २०४१ सालमा अधिराज्यव्यापी युवा गीत प्रतियोगितामा स्वरतर्फ उहाँ द्वितीय हुनुभएको थियो । उहाँले इलाम पत्रकार महासंघसहित थुप्रै संस्थाबाट विभिन्न पुरस्कार पाउनुभएको छ ।



## प्राज्ञ सभा सदस्य
## कृष्णभक्त महर्जन

कृष्णभक्त महर्जन अभिनय र नृत्यमा लोकप्रिय नाम हो । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानमा उहाँ हाल प्राज्ञ सभा सदस्य हुनुहुन्छ ।

कलाकार महर्जनको जन्म १७ जनवरी सन् १९६७ मा ललितपुरको ठेँचोमा भएको हो । शास्त्रीय नृत्य, लोक नृत्य, आधुनिक नृत्यमा निपूर्ण महर्जन कुशल नृत्य निर्देशकका रूपमा परिचित हुनुहुन्छ । उहाँ अभिनयमा पनि त्यत्तिकै पोख्त हुनुहुन्छ । आफूले अहिलेसम्म करिब पाँच सयओटा विभिन्न नाटकमा अभिनय गरिसकेको उहाँले बताउनुभएको छ ।

सयौं नृत्य निर्देशन गरिसक्नुभएका प्राज्ञ महर्जनले दर्जनौं टेलिचलचित्र  दुई सयओटा चलचित्र र कयौं विज्ञापनमा अभिनय गर्नुभएको छ । उहाँले दर्जनौं नाटक, ओपेरा, ब्याले पनि निर्देशन गर्नुभएको छ ।

नेपालको तर्फबाट प्राज्ञ महर्जनले करिब एक दर्जन बाह्य मुलुकमा नेपाली लोक नृत्य प्रस्तुत गरिसक्नुभएको छ । उहाँ विभिन्न सम्मान तथा पुरस्कारबाट सम्मानित हुनुहुन्छ ।



## प्राज्ञ सभा सदस्य
## कृष्ण 'सुधा' ढुंगाना

लोक तथा आधुनिक गीतमा आफ्नो छुट्टै परिचय बनाउनु भएका कृष्ण 'सुधा' ढुंगाना यस नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सभा सदस्य हुनुहुन्छ । प्रमाणपत्र तहसम्म अध्ययन गर्नुभएका ढुंगानाको जन्म ७ फागुन २०१६ मा लमजुङको दुरागाउँमा भएको हो ।

रेडियो नेपालबाट २०४१ सालमा स्वर परीक्षण उत्तीर्ण गरेपछि उहाँले औपचारिक रूपमा आफ्नो स्वरमा गीत-संगीत रेकर्ड गराउनुभएको हो । तथापि उहाँले स्कुले जीवनबाटै गीत गाउन सुरु गर्नुभएको थियो ।

उहाँको स्वरमा हालसम्म दुई सयभन्दा बढी गीतहरू रेकर्ड भएर स्रोतासमक्ष आइसकेका छन् । ढुंगानाका पानको पात..., गाईको चरन..., धान भुलेको छ..., रोधी घर...जस्ता थुप्रै गीतहरू चर्चित छन् । उहाँ हाल नेपाल सांस्कृतिक कलाकर्मी संघको उपाध्यक्ष हुनुहुन्छ ।

## प्राज्ञ सभा सदस्य
## सानु शिवा



आफ्नो स्वरमा नरोए आमा, बाँचेछु भने जस्ता गीतिसंग्रह निकाल्नु भएकी गायिका सानु शिवा (सानु पहाडी) को जन्म फुङलिङ–५ ताप्लेजुङमा भएको हो ।

महिला विकास सहायकका रूपमा कार्यरत प्राज्ञ शिवा हाल यस नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सभा सदस्य हुनुहुन्छ । स्कुले जीवनदेखि गायनमा लाग्नुभएकी प्राज्ञ शिवाले हालसम्म सैयौं सांस्कृतिक कार्यक्रममा गीत प्रस्तुत गरिसक्नुभएको छ । राष्ट्रिय जनसांस्कृतिक महासंघसँग आबद्ध रहेर उहाँले विभिन्न कार्यक्रममा कयौं जनवादी गीतहरू प्रस्तुत गरिसक्नुभएको छ ।

उहाँसँग लामो समय शिक्षण पेसाको अनुभव पनि छ । प्राज्ञ शिवाले ताप्लेजुङको भैरूंगे मावि, पाथिभरा प्रावि, जिमी पोखरी आदर्श प्राविलगायतका विद्यालयमा शिक्षिका भएर काम गरिसक्नुभएको छ । कविका रूपमा समेत परिचित प्राज्ञ शिवाले साहित्य सन्ध्या पुरस्कार, मदन भण्डारी साहित्य कला पुस्कारसहित विभिन्न पुरस्कार र सम्मान पाइसक्नुभएको छ ।

## प्राज्ञ सभा सदस्य
## बृजकुमार सहनी



कलाकार बृजकुमार सहनीको जन्म गेडहीगुठी–९, रौतहटमा १५ चैत २०२३ सालमा भएको हो । भोजपुरी भाषाका गीत–संगीतमा लोकप्रियता हासिल गर्नुभएका सहनी हाल यस नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य हुनुहुन्छ ।

ओस्ताद इन्ताफ आलम र पण्डित नरेश चौबेजीबाट शास्त्रीय संगीतको शिक्षा लिनुभएका प्राज्ञ सहनीले १२ वर्षको उमेरको स्कुले जीवनदेखि हालसम्म गीत–संगीतलाई निरन्तरता दिनुभएको छ ।

उहाँका रचना र संगीतमा लेहँगा उठाकेसहित विभिन्न गीतिसंग्रह र सयौं गीतहरू फुटकर रूपमा स्रोतामाझ आइसकेका छन् । करिब एक दशक संगीत शिक्षकको रूपमा कार्यरत उहाँले विभिन्न सम्मान पाउनुभएको छ । आफूले रचना गरेका भोजपुरी गीतहरूको संगालो जीनगी जाअ जतन से पुस्तक पनि प्रकाशन गरिसक्नुभएको छ । एक से चार चार से संसार, बेटीके बिदाई जस्ता नाटक, खुशहाल जिन्दगीसहित विभिन्न टेलिचलचित्रमा उहाँले संगीत दिइसक्नुभएको छ ।

## प्राज्ञ सभा सदस्य
## नारायणीदेवी प्रधान



नृत्य निर्देशक तथा कलाकार नारायणीदेवी प्रधान यस नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानकी प्राज्ञ सभा सदस्य हुनुहुन्छ । ६ कात्तिक २०१० सालमा छायवहाल ललितपुरमा जन्मनुभएकी प्रधानले नृत्यमा बी म्युज गर्नुभएको छ । नौ वर्षको उमेरदेखि नृत्यमा लाग्नुभएकी प्रधान नेपालकी कुशल महिला नृत्य निर्देशकका रूपमा परिचित हुनुहुन्छ । माइतीघर, मनको बाँध, हिजो आज भोलि, परिवर्तन, राजमाती, चण्डालिका, चकना जस्ता थुप्रै चलचित्रमा कलाकार भएर काम गरिसक्नुभएकी प्राज्ञ प्रधान लोक नृत्य, परम्परागत नृत्य, कुमारी, बज्रयोगिनी, श्वेतकाली, आर्यतारा, चर्या जस्ता नृत्यमा निपूर्ण हुनुहुन्छ । उहाँ यी नृत्यकी गुरूसमेत हुनुहुन्छ ।

उहाँले कलाकार भएर लक्ष्मी, पःख, बाः रा सीः, या मिखाः जस्ता टेलिचलचित्रमा अभिनयसमेत गर्नुभएको छ । २०२१ सालदेखि कलाकार र पछि नृत्य प्रशिक्षकको रूपमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा काम गर्नुभएकी उहाँले कलाकार, अभिनेत्री र निर्देशकको रूपमासमेत योगदान पुऱ्याउनु भएको छ । उहाँले गोरखा दक्षिण बाहु चौथो, त्रिशक्ति पट्टसहित दर्जनौं मानपदवी, सम्मान, पुरस्कार पाइसक्नुभएको छ ।

## प्राज्ञ सभा सदस्य
## दुर्गाबहादुर रायमाझी



लोकगायनमा आफ्नो अब्बल परिचय बनाउनु भएका स्रष्टा दुर्गाबहादुर रायमाझी यस नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य हुनुहुन्छ ।

१ जुन १९६७ मा झडेवा–५ पाल्पामा जन्मनु भएका उहाँले कानुनमा स्नातक उत्तीर्ण गर्नुभएको छ । स्कुले जीवनदेखि नै गायनमा रूचि राख्नुहुने प्राज्ञ रायमाझी पश्चिमी लोकभाकाका प्रखर कलाकार हुनुहुन्छ । उहाँको दर्जनौं एकल लोक तथा लोकदोहोरी गीतिसंग्रह स्रोतामाझ आइसकेका छन् । नेपाल लोकदोहोरी संगीत प्रतिष्ठानको अध्यक्ष भएर काम गरिसक्नुभएका प्राज्ञ रायमाझीले लोकदोहोरी भाका संकलक तथा लेखन पनि गर्दै आउनु भएको छ ।

उहाँ फेवा म्युजिक प्रालिका सञ्चालक पनि हुनुहुन्छ । यो कम्पनीबाट उहाँले गीतिसंग्रहहरू निकाल्दै आउनुभएको छ । प्राज्ञ रायमाझीले नेपालका विभिन्न जिल्ला र विभिन्न देशमा सयौं स्टेज कार्यक्रम गरिसक्नुभएको छ । सहयात्रा नेपाल गैरसरकारी संस्थाका अध्यक्षसमेत रहनुभएका प्राज्ञ रायमाझीले सो संस्थामार्फत विभिन्न सामाजिक कार्य गर्दै आउनुभएको छ ।

प्राज्ञ सभा सदस्य



## पूर्ण नेपाली

कलाकार पूर्ण नेपाली हाल यस संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य हुनुहुन्छ । विगत पाँच दशकदेखि नेपाली गीत-संगीत क्षेत्रमा सक्रिय प्राज्ञ नेपाली कास्कीका हुनुहुन्छ ।

नेपाली लोक संगीतमा विशेष दख्खल राख्ने प्राज्ञ नेपालीका स्वरमा सयौं लोकभाकाहरू रेकर्ड भइसकेका छन् । उहाँले नेपाली लोक संगीतलाई विदेशमा समेत प्रवर्द्धन गर्दै आउनुभ भएको छ । गायनसँगै उहाँले सयौं लोक नृत्य, नृत्य निर्देशन, गीति नाटक निर्देशन तथा विभिन्न चलचित्रमा अभिनय पनि गर्नुभएको छ । उहाँ संगीत प्रशिक्षक पनि हुनुहुन्छ । समाज सेवामा समेत उत्तिकै सक्रिय प्राज्ञ नेपालीले दर्जनौं, सम्मान तथा पुरस्कार प्राप्त गरिसक्नुभएको छ ।

प्राज्ञ सभा सदस्य



## खेमराज नेपाली

नेपाली नाटक क्षेत्रमा आफ्नो विशेष परिचय बनाउनुभएका कलाकार खेमराज नेपालीको जन्म ५ वैशाख २०२० मा काफलबोटे-६, पाँचथरमा भएको हो । तत्कालीन पञ्चायती शासन व्यवस्थाविरूद्ध क्रान्तिका गीत गाउँदै उहाँले स्कुले जीवनबाटै कला यात्रा सुरु गर्नुभएको हो । राजनीतिशास्त्रमा स्नातकोत्तर गर्नुभएका कलाकार नेपालीले ६ दर्जनभन्दा बढी नाटकमा अभिनय गर्नुभएको छ । उहाँ हाल यस नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सभा सदस्य हुनुहुन्छ । उहाँले अभिनय गरेका चर्चित नाटकहरू आमा, विदेसिएकी चेली, चतुरेको दाउपेज, देश फर्कंदा, कर्फ्यु, पर्खाै, बीपीको एक रातलगायत हुन् । गीत, गजल, कवितामा कलम चलाउने स्रष्टा नेपालीले गीत, गजल र कविताको सँयुक्त पुस्तक आस्थाको खेती प्रकाशित छ । उहाँका करिब एक दर्जन गीत रेकर्ड भइसकेका छन् ।

प्राज्ञ सभा सदस्य



## रामकुमार धामी

कलाकार रामकुमार धामीको जन्म १६ वैशाख २०२३ मा भएको हो । इटहरी नगरपालिका-२ का कलाकार धामी यस नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य हुनुहुन्छ । धामीले संगीत भाष्करसम्मको अध्ययन गर्नुभएको छ । स्कुले जीवनबाटै गायनयात्रा सुरू गर्नुभए पनि उहाँले औपचारिक रूपमा २०४३ सालमा रेडियो नेपालमा थारू भाषामा गीत रेकर्ड गराएर गायन यात्र सुरु गर्नुभएको हो ।

थारू गीत रेकर्ड गरेर थारू गीतका प्रथम गायकका रूपमा उहाँले आफूलाई चिनाउनु भएको छ । उहाँका थारू भाषाका दर्जनौं तथा नेपाली भाषाका पनि त्यत्तिकै गीतहरू रेकर्ड भएका छन् । प्राज्ञ धामी युवा प्रतिभा पुरस्कार, जेसिस सम्मानसहित तीन दर्जनभन्दा बढी पुरस्कार र सम्मानबाट सम्मानित हुनुहुन्छ ।

प्राज्ञ सभा सदस्य



## भोजराज भट्ट

देउडा भाका तथा नेपाली लोकभाकामा चर्चा कमाउनु भएका गायक भोजराज भट्टको जन्म २०२४ सालमा डडेल्धुरामा भएको हो । राजनीतिशास्त्रमा स्नातक भट्ट हाल यस नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य हुनुहुन्छ ।

२०४७ सालमा रेडियो नेपालबाट स्वर परीक्षण गरेपछि उहाँ औपचारिक रूपमा संगीत क्षेत्रमा लाग्नुभएको हो । उहाँले जौ बारी, बाडुली, वसन्ती, बेलु, चैतकी बाँसुरी, सेती बस घटना, घरको सौराई, रंगी कालीकोट, भलाकुसारी, ग्रिष्म जस्ता गीतिसंग्रह बजारमा ल्याइसक्नुभएको छ । क्षेत्रीय प्रतिभा पुरस्कारसहित विभिन्न सम्मान हासिल गरिसक्नुभएका प्राज्ञ भट्टले देउडा प्रस्तुतिका लागि एकल साँझसमेत गरिसक्नुभएको छ ।

प्राज्ञ सभा सदस्य



## नरेन्द्रराज रेग्मी

स्रष्टा नरेन्द्रराज रेग्मी यस नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य हुनुहुन्छ । सुदूरपश्चिम धनगढीका स्रष्टा रेग्मी विशेष गरेर देउडा भाकामा लोकप्रिय हुनुहुन्छ । तीन दशकभन्दा लामो समयदेखि उहाँ गायनमा क्रियाशील हुनुहुन्छ ।

स्कुले जीवनबाटै गायनमा लाग्नुभएका प्राज्ञ रेग्मीले देउडा भाकाका थुप्रै गीति-संग्रह निकालिसक्नुभएको छ । यस्तै, पैंचो, परदेशी, इसा मुसा काइना, दरबार हत्याकाण्ड हार्दिक श्रद्धाञ्जली जस्ता गीतिसंग्रह उहाँले स्रोतामाझ ल्याइसक्नुभएको छ । उहाँको लोक गीतिसंग्रह 'सासू-बुहारी' का गीतहरू निकै चर्चामा छन् ।

सयौं स्टेज कार्यक्रममा आफ्ना प्रस्तुति दिइसक्नुभएका प्राज्ञ रेग्मी दर्जनौं, पुरस्कार तथा सम्मानबाट सम्मानित भइसक्नुभएको छ ।





# प्रज्ञा प्रतिष्ठानबाट डबली यात्रा सुरु

काठमाडौं । नेपाली कला संस्कृतिसँग डबलीको शताब्दीऔंअघिदेखि सम्बन्ध छ । लिच्छवी कालदेखि नै मुलुकका विभिन्न डबलीमा नाचगान जस्ता सांस्कृतिक कार्यक्रम हुने गरेको इतिहासमा उल्लेख छ । यो प्राचीन महत्व बोकेको डबली संस्कृतिलाई प्रोत्साहित गर्न नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले काठमाडौंबाट डबली यात्रा सुरू गरेको छ ।

गत २० मंसिरमा काठमाडौंको कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानको डबलीबाट पहिलो डबली यात्रा सुरू गरिएको हो । लुनकरणदास-गंगादेवी चौधरी साहित्यकला मन्दिरको सहयोगमा आयोजित डबली यात्राको उद्घाटन नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका कुलपति सरूभक्त र अग्रज नृत्यकार भैरवबहादुर थापाले झ्याम्टा बजाएर संयुक्त रूपमा गर्नुभएको थियो ।

संगीत, नृत्य र अभिनय वृत्तका प्रतिभालाई कलाकारका रूपमा स्थापित गर्न नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले शनिबारबाट 'डबली यात्रा' सुरू गरिएको कुलपति सरूभक्तले कार्यक्रममा बताउनुभयो । कुलपति सरूभक्तले डबलीको महत्वबारे प्रकाश पार्दै डबली यात्रालाई नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले निरन्तरता दिने प्रतिबद्धता जनाउनुभयो ।

संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाले उद्घाटन समारोहमा बोल्दै तीन दशकअघि आफूले सोही स्थानमा प्रतिभाको डबली कार्यक्रम गरेको बताउनुभयो । प्रतिभाको डबलीले नेपाली संगीत क्षेत्रका थुप्रै प्रतिभा जन्माएको प्रकाश पार्दै उहाँले यो डबली यात्राले फेरि नयाँ कलाकारलाई मूलधारमा ल्याउने विश्वास व्यक्त गर्नुभयो ।

यस्तै, भैरवबहादुर थापाले डबलीको परम्परागत महत्वलाई उजागर गर्दै संस्कृति संरक्षणमा समेत डबलीको महत्वपूर्ण योगदान रहेको छ भन्नुभयो । लुनकरणदास-गंगादेवी साहित्यकला मन्दिर कार्यसमिति सदस्य रमण घिमिरेले डबली यात्रालाई देशका मुख्य सहरमा सञ्चालन गरिने बताउनुभयो । पहिलो डबली यात्रामा शास्त्रीय धून, टप्पागीत प्रस्तुति, आधुनिक गीत गायन तथा आधुनिक संगीत, भैरवकाली नृत्य र नाटकहरू प्रस्तुत गरिएको थियो । कार्यक्रममा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको परम्परागत तथा शास्त्रीय विभागका तर्फबाट विकासनाथ योगी र शिवराज पौडेलले शास्त्रीय धून प्रस्तुत गर्नुभयो । कलाकार खड्ग बुढामगर, लीलावती बुढामगर, रूपक चौधरी, उदिराम खड्का र मदन जर्घामगरले लोक विभागका तर्फबाट टप्पा गीत प्रस्तुत गर्नुभयो । कार्यक्रममा संगीत विभागका तर्फबाट सरिता शाहीले आधुनिक गीत गाउनुभयो ।

नाटक विभागअन्तर्गत शिल्पी थियटरका कलाकारले डबली यात्रामा छोटा दुईओटा नाटक मञ्चन गरे । सो थियटरद्वारा प्रस्तुत नाटक 'पेन्टा माइम' कलाकारले सांकेतिक भावद्वारा दर्शकलाई हँसाएका थिए । जसमा रोशनकुमार मेहता, रेनुका कार्की, लक्ष्मण थोकरको अभिनय थियो । यस्तै, कलाकार प्रियंका झाले एकल अभिनय गरेर मैथिली भाषामा नाटक 'स्टोरी टेलिङ' देखाइन् । तराईमा विद्यमान अन्धविश्वास र कुरीतीलाई यो नाटकमा चिरफार गरिएको थियो ।

काठमाडौं । संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले आयोजना गरेको डबली यात्राअन्तर्गत दोस्रो डबली यात्रा गत १३ पुसमा काठमाडौंको बसन्तपुरमा आयोजना गरियो ।

राजधानीको हनुमानढोका क्षेत्रको डबलीमा आयोजना गरिएको यो दोस्रो शृंखला नाटकमा केन्द्रित भयो । अभिनेता एवं निर्देशक दयाहाङ राईद्वारा लिखित एवं निर्देशित नाटक घुम्रिएको कपाल त्यहाँ मञ्चन गरियो ।

कार्यक्रममा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य एवं नाट्यकर्मी पुष्कर गुरुङले मल्लकालमा काठमाडौं उपत्यकाभित्रका डबलीमा नाटक तथा नाचगान देखाइने गरेको बताउनुभयो । लोपोन्मुख सो प्रचलनलाई उजागर गर्न प्रतिष्ठानले डबली यात्रा सुरू गरेको उहाँले कार्यक्रममा प्रकाश पार्नुभयो ।

प्रस्तुत नाटकमा सामान्य लाग्ने स-साना वस्तु पनि समय (परिस्थितिले कहिलेकाहीँ मूल्यवान् बन्न सक्छ भन्ने प्रसंग समेटिएको थियो । किराँत समुदायको मुन्धुमससँग जोडिएको एउटा कथामा यो नाटक आधारित थियो । यसअघि यो नाटकले मण्डला थियटरले मञ्चन गरिसकेको थियो । दुई वर्षअघि पारिवारिक रंगमञ्च (फ्यामिली थियटर) को अवधारणाअन्तर्गत मुलुकका विभिन्न थलोमा यसलाई मञ्चन गरेको पनि निर्देशक राईले बताए ।

राजन मुकारूङले लेखेको यो नाटकलाई बसन्तपुर डबलीले दर्शकले रोचकतापूर्वक हेरे । यो नाटक हेर्न डबली आसपासमा दर्शकको बाक्लो उपस्थिति थियो । राजन खतिवडाले घुम्रिएको कपाल युवकको भूमिकामा अभिनय गरेका थिए । जसमा सिर्जना सुब्बा र सिर्जना अधिकारी दिदी बनेका थिए भने होङग्रायोको चरित्र बुद्धि तामाङले निर्वाह गरेका थिए ।

खासगरी बालबालिकाप्रति लक्षित नाटक अभिभावक र सिर्जनशील युवायुवतीका लागि समेत अर्थपूर्ण लाग्नेछ । नाटकमा संवादको बाहुल्यभन्दा दृश्यको कलात्मकताले धेरै कुरा अर्थ्याउन खोजेको भान हुन्छ ।

एउटा झुप्रोमा एक भाइ र दुई दिदीको रमाइलो जीवनयापनबाट सुरू भएको यो नाटकमा घुम्रिएको कपालधारी भाइ मुख्य पात्रको रूपमा रहेको छ । मुन्धुम आधारित यो लोककथामा तान बुन्ने पेसा गर्दै आइरहेका दिदीभाइबीच होङग्रायो नामक चरा पात्रले अनेक समस्या सिर्जना गरिदिन्छ । जति खाए पनि नथाक्ने होङग्रायोविरूद्ध यी तीनजनाले गर्ने संघर्षकै वरिपरि नाटक घुम्छ । अन्तमा भाइले आफ्नै घुम्रिएको कपाल काटेर रक्सीमा मिसाई होङग्रायोलाई खुवाएर आफ्ना दिदीहरूलाई बचाउँछ ।

प्रकृति र माटोसँग धेरै सम्बन्ध राख्ने पात्रहरू भेटिने अन्य मुन्धुमी लोककथाझैं यसमा पनि मूलपात्र प्रकृति, चराचुरुंगी, पुतलीहरूसँग बढी रमाउँछ । नाटकले प्रकृति र मान्छेको जीवनबीचको अन्योन्याश्रित सम्बन्धलाई स्थापित गरेको छ । किराँत सामाजिक/सांस्कृतिक पृष्ठभूमिका कारण राजधानीका दर्शकलाई यो नाटक रोचक लाग्यो ।

# बसन्तपुर डबलीमा घुम्रिएको कपाल





# पाटन डबलीमा

# लोक धून र नेपाली नृत्य

ललितपुर । नेपाल संगीत-नाट्य प्रज्ञा प्रतिष्ठानले सुरू गरेको 'डबली यात्रा' को तेस्रो संस्करण २६ पुसमा पाटनको कृष्ण मन्दिर डबलीमा सम्पन्न भयो। ९० मिनेटको अवधिको सो 'डबली यात्रा' नेपाली परम्परागत बाजाका धून तथा लोक नृत्यहरूमा केन्द्रित थियो ।

डबलीमा कलाकारहरूले प्रत्यक्ष रूपमा 'रेशम फिरिरी..', 'राजमति..' जस्ता विभिन्न अन्य धुनलाई वाद्यवादनमार्फत प्रस्तुत गरे। कार्यक्रममा प्रस्तुत टुङ्नाको धूनले दर्शकको मन जितेको थियो। यसरी मेचीदेखि महाकालीसम्मका मुख्य मुख्य धूनहरू त्यहाँ प्रस्तुत गरियो ।

हाम्रो मौलिक बाजाहरूमध्ये पञ्चेबाजा घन्किन थालेपछि एक दर्शक आफैं डबलीमा उक्लेर नाच्न थालिहाले । डबलीमा प्रस्तुत गरिएको प्राचीन बज्रयोगिनी नृत्य, सोरठी नृत्य, हुड्क्यौली नृत्य, शेर्पा नृत्यलगायतले दर्शकलाई प्रसस्त मनोरञ्जन दियो। कार्यक्रममा दुई दर्जन गीतसंगीतका धून तथा नृत्य प्रस्तुत गरिएको थियो। विभिन्न बाजा बारे पनि कार्यक्रममा सर्वसाधारणलाई जानकारी गराइएको थियो।

'पाटनको यो डबली नेपालका प्रमुख डबलीमध्ये एउटा हो,' प्रतिष्ठानका कुलपति सरूभक्तले भन्नुभयो, 'मल्लकालीन डबलीमा नेपालको संस्कृति र गौरव जोगाइएको छ।' डबली संस्कृति नसमासियोस् भनेर प्रतिष्ठानले डबली यात्रा गरेको पनि उहाँले प्रस्ट्याउनुभयो । आधुनिक समयमा सांस्कृतिक जागरणका लागि यस्तो कार्यक्रम आयोजन गर्दा पाइरहेको प्रतिक्रिया सकारात्मक भएको बताउँदै उहाँले भन्नुभयो, 'हामीले अहिलेसम्म तीन ठाउँमा कार्यक्रम गर्‍यौं। सबै ठाउँमा स्थानीय जनसहभागिता ज्यादै हौसलापूर्ण देखिएकाले हर्षित छौं।'

कार्यक्रममा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाले भन्नुभयो, 'यस्ता दुर्लभ नृत्य र संगीतको रस लिने अवसर घरिघरि आउँदैन।' दर्शकहरूले सोही डबलीमा उभिएर हामी हाम्रो संस्कृतिमा कति धनी रहेछौं र हाम्रा गीत-संगीतमा कस्तो सशक्त जादू रहेछ भन्ने जानकारी पाएको पनि उहाँले बताउनुभयो ।

प्रतिष्ठानका सदस्यसचिव गणेश रसिकले दर्शकको घुइँचो सहभागी र पर्यटकहरूको समेत विशेष उपस्थितिले कार्यक्रम सफल भएको बताउनुभयो। प्रतिष्ठानलाई जनतासमक्ष लैजाने उद्देश्यअनुरूप डबली कार्यक्रम थालिएको सदस्य सचिव रसिक जानकारी गराउनुभयो, 'मुलुकको कला संस्कृतिलाई संरक्षण, सम्वर्द्धन गर्दै लैजान मञ्च नै आवश्यक परेकाले डबली सुरू गरिएको हो,' उहाँले भन्नुभयो । यसपछिको डबली यात्रा भक्तपुरस्थित दरबार क्षेत्रको डबलीमा गर्ने पनि उहाँले जानकारी दिनुभयो ।






# भक्तपुरमा चौथो डबली यात्रा

भक्तपुर । डबली संस्कृतिलाई निरन्तरता दिन गत १६ माघमा भक्तपुर दरबार क्षेत्रमा रहेको ५५ झ्याले दरबारको प्रांगणमा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले 'डबली यात्राको चौथो शृंखला' आयोजना गऱ्यो ।

कार्यक्रममा कलाकारहरूले लोक नृत्यसँगै लोक गीत-संगीत प्रस्तुत गरेका थिए । कार्यक्रमको सुरुमा गायक संजय तुम्रुकले प्राज्ञ उन्नति बोहरा 'शीला' को रचना र उपकुलपति शम्भुजीत बासकोटाको संगीत रहेको राष्ट्रिय गीत गाए ।

यसपछि शिवराज पौडेलले 'राग बागेश्वरी चतुरंग' शास्त्रीय धून प्रस्तुत गरे । क्रमशः गायक जितेन्द्र चौधरीले प्राज्ञ उदयचन्द्र श्रेष्ठको गीत लेक मेरो बेसी मेरो..., आकाश थापा, जग पहाडी, दिवश श्रेष्ठ र रूपक चौधरीले इतिहासको खुड्किलोमा चढ्दै... गीत गाए ।

सिर्जना कार्कीले गाएको लहराको सुसेलीले..., शिव संगीतले नजरैको जादू... तथा गजेन्द्र केसी र रीता बुढाथोकीले प्रस्तुत गरेको लोकभाकाले पनि कार्यक्रममा रौनकता थपेको थियो । गायक कमल खत्रीले आफ्नो गीतसँगै लाक्पारे भाका सुनाउँदा दर्शकले तालीले साथ दिएका थिए । कार्यक्रममा विभिन्न कलाकारले थरीथरीका लोक नृत्य प्रस्तुत गरेका थिए ।

डबली यात्राको सफलताले आफूहरू निकै उत्साहित भएको बताउँदै कुलपति सरूभक्तले यस्ता कार्यक्रमले स्थानीयमा लोक गीत-संगीत एवं लोक नृत्यको संरक्षणमा मद्दत पुग्ने बताउनुभयो ।

डबलीमा लोक नृत्य तथा संगीत प्रस्तुत गर्ने प्रचलन हराउँदै गएकाले आफूहरूले डबली यात्रा मुलुकका विभिन्न ठाउँमा गरेको प्राज्ञ उदयकुमार श्रेष्ठले बताउनुभयो । कार्यक्रममा उपकुलपति शम्भुजीत बासकोटा, सदस्य सचिव गणेश रसिक र प्रतिष्ठानको सबै परिषद् सदस्यहरूको उपस्थिति थियो ।






# सौराहाको डबलीमा थारू नाचको रौनक

चितवन । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित डबली यात्राको पाँचौ शृंखला चितवनको पुरानो थारू कल्चर हाउस सौराहामा १२ चैतमा सम्पन्न भयो ।

सो कार्यक्रमको उद्घाटन प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाले गर्नुभएको थियो । डबली यात्रामा कार्यक्रम प्रस्तुतिका लागि स्थानीय कलाकारलाई महत्व दिइएको थियो ।

सो डबली कार्यक्रममा चितवनका थारू समुदायका युवायुवतीले पश्चिम तराईको संस्कृति र सभ्यता झल्काउने थारू नृत्य प्रस्तुत गरेका थिए । यस्तै, स्थानीय कलाकारले प्रस्तुत गरेको कौडा नृत्यसहित विभिन्न नाचगानले दर्शकको मन जितेको थियो ।

काठमाडौं उपत्यकामा मल्लकालदेखि हालसम्म पनि डबली संस्कृति जारी राहे पनि मोफसलमा यसले त्यती महत्व पाएको देखिँदैन । तथापि यस्तो परम्परालाई जगेर्ना गर्न आफूहरूले मोफसलमा पनि डबली यात्रा आयोजना गरेको उपकुलपति बासकोटाले बताउनुभयो ।

आधुनिक रंगमञ्चीय इतिहासमा डबलीको महत्वबारे नयाँ पुस्तालाई सचेत गराउने उद्देश्यले सौराहामा डबली यात्रा गरिएको प्राज्ञ परिषद. सदस्य माधव प्रधानले बताउनुभयो ।

कार्यक्रममा स्थानीय दर्शकसँगै विदेशी पर्यटकहरूको पनि उपस्थिति रहेको प्राज्ञ परिषद् सदस्य रमेशरञ्जन झाले बताउनुभयो । छैटौं डबली यात्रा तनहुँको बन्दीपुरमा १५ चैत आइतबार स्थानीय कला तथा संस्कृतिको प्रस्तुतिसहित सम्पन्न गरिने पनि उहाँले कार्यक्रममा जानकारी गराउनुभयो ।




# बन्दीपुर डबलीमा पुतलीनाच

बन्दिपुर । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित छैटौं डबली यात्रा तनहुँको बन्दीपुरस्थित बिन्ध्यावासिनी मन्दिरको डबलीमा १५ चैत आइतबार सम्पन्न भयो । सो यात्राको उद्घाटन कुलपति सरूभक्त र उपकुलपति शम्भुजीत बासकोटाले दामाहा र झ्याम्टा बजाएर संयुक्त रूपमा गर्नुभएको थियो । स्थानीय कला तथा संस्कृतिको प्रवर्द्धन गर्ने उद्देश्यले सो कार्यक्रम आयोजना गरिएको कुलपति सरूभक्तले कार्यक्रममा बताउनुभयो ।

स्थानीय कलाकारहरूले कार्यक्रममा परम्परागत पुतली नृत्य प्रस्तुत गरे । लोप हुन लागेको पुतली नृत्यलाई संरक्षण गर्न विशेष पर्वमा यो नृत्य प्रस्तुत गर्न थालिएको स्थानीय कलाकारहरूले बताए ।

विधार्थी कलाकारहरूले विभिन्न लोक तथा चलचित्रका गीतमा नृत्य प्रस्तुत गरेका थिए । विधार्थीहरूले विभिन्न आधुनिक नृत्यसँगै विभिन्न गीतहरू पनि गाएका थिए ।

कार्यक्रममा उपकुलपति बासकोटाले माया नै माया छ तिम्रो गाउँमा, तिमीलाई भेट्न आउँदैछु बन्दीपुरमा...गीत गाएर सबैलाई आकर्षित गर्नुभयो । उहाँले सो गीत गाउँदा दर्शकले सँगै स्वर मिलाएर उहाँलाई साथ दिएका थिए ।

बन्दीपुरको होम स्टे महिला समूहले कार्यक्रममा स्थानीय लोकगीत प्रस्तुत गरेका थिए । सो डबलीमा स्थानीय वृद्धवृद्धामा आफ्नो समयका पुराना गीत-संगीत प्रस्तुत गरेर यात्राको रौनक बढाए । कार्यक्रममा विदेशी पर्यटकले गिटार बजाउँदै रेशम फिरिरी गीत प्रस्तुत गर्दा कार्यक्रममा सबैले ताली बजाएका थिए ।

# जानकीको काखमा सांस्कृतिक मेला



जनकपुर। नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजनामा १४ फागुन बिहीबार अपराह्न जनकपुरको जानकी मन्दिर प्रांगणमा 'पहिलो सांस्कृतिक मेला–२०७१' भव्यताका साथ सम्पन्न भयो ।

सधैं भक्तजनको भीड देखिने जानकी मन्दिरको प्रांगणमा बिहीबार गीत–संगीतमा रम्ने दर्शकको घुइँचो देखियो । कार्यक्रममा देशभरका विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत हुँदा सिंगो नेपालको त्यहाँ झल्किएको महसुस दर्शकले गरे ।

प्रतिष्ठानका कुलपति सरूभक्त, सदस्य सचिव गणेश रसिक र प्राज्ञ परिषद् सदस्य पुष्कर गुरूङद्वारा ढोल बजाएर मेला उद्घाटन गरिएको थियो ।

मिथिला नाट्य परिषद्का कलाकार ए हमार जनकपुर...गीतमा नृत्य प्रस्तुत गर्दा दर्शकले आफ्नो संस्कृतिको स्वाद चाख्ने अवसर पाए । स्थानीय कलाकारले प्रस्तुत गरेको धोबिया नृत्य, डोमकछ नृत्य, तेगाकेघार...गीतमा आधुनिक मैथिली नृत्य प्रस्तुत गर्दा मैथिली भाषीले निकै मनोरञ्जन लिए । कलाकारले भोजपुरी नृत्य गन्नेके खेतमे...प्रस्तुत गर्दा दर्शकहरू सिठ्ठी बजाउँदै नाच्न पछि परेनन् ।

राजधानीबाट गएका राष्ट्रियस्तरका कलाकारले प्रस्तुत गरेको हुड्केली नृत्यले सुदूरपश्चिम नेपालको कला त्यहाँ पोखिएको देखिन्थ्यो । तिनै कलाकारको मारूनी नृत्यले पुनः दर्शकलाई पूर्वी नेपालमा पुगेको महसुस गरायो । यिनै कलाकारले कौडा, टप्पा








नृत्यबाट मध्यपश्चिमको संस्कृति तथा लाखे नृत्य र धिमेबाट काठमाडौं उपत्यकाको नेवारी संस्कृतिको स्वाद पनि दर्शकलाई चखाए ।

मेलामा प्रस्तुत शेर्पा नृत्यले हिमाली संस्कृतिको झलक त्यहाँ दिँदै थियो भने तामाङ नृत्यले ताम्सालिङ क्षेत्रको सांस्कृतिक स्वाद दर्शकलाई चखायो। राष्ट्रिय भावनाले ओतप्रोत नृत्य कलाकारले प्रस्तुत गर्दा दर्शकहरू तिनै भावनामा डुबेर हात हल्लाउँदै गर्थे। कार्यक्रममा प्रस्तुत गरिएका नृत्यको जलमायाँ गुरूङ र प्रदीप हमालद्वारा निर्देशन गरिएको थियो ।

रीमा गुरूङ होडाले सुनैको चुरा छैन..., लाहुरे दाइले परदेशबाट..., हाँसेर बोल्दैमा के जान्छ र..जस्ता गीत प्रस्तुत गर्दा दर्शकले ताली बजाए। रीमाले लाहुरे दाइले परदेशबाट.. गीत गाउँदा दर्शकले नाचेर साथ दिएका थिए ।

रामकृष्ण ढकालले आफ्ना चर्चित मलाई यो जिन्दगीले कहाँ पुऱ्यायो..., मन पराउने हजार..., चरीले त छाडेर..., फूल भन्छ फुलिरहुँ..., पहाडको छुकछुके रेल..सहितका गीत गाउँदा दर्शकहरूले निरन्तर तालीले साथ दिएका थिए। प्रमोद खरेलको गीतमा दर्शकहरू 'वान्स मोर' भन्न पछि परेनन्। खरेलद्वारा गाइएका उसले जती माया., डुबायो पापी मायाले..., छुट्टिएर तिमीसँग..., मबिना कसै कसैलाई..., हे माया र क्रिकेट गीत मेरो देश प्यारो नेपाल..गीतमा दर्शकले नाच्दै भरपूर मनोरञ्जन लिए ।

आभा मुकारूङ गाएको हावासँगै मन..., कता हिँडेको..तिमीलाई चाहे..जस्ता गीतमा दर्शकले तालीले साथ दिए भने गायक सञ्जय तुम्रुकद्वारा प्रस्तुत यो गाउँको ठिट्टो म..., बजारिया मायासँगै..लगायतका गीतमा पनि दर्शक रमे ।

मेलामा गायिका माण्डवी त्रिपाठीले मेरो बारूली कम्मर लचक्कै.., ढल्क्यो ढल्क्यो जोवन मेरो ढल्क्यो..जस्ता गीत गाउँदा दर्शकहरू छमछमी नाचेका थिए ।

हिमाल, पहाड र तराईको सांस्कृतिक एकतालाई जोडेर यसको सरक्षण र सम्वर्द्धनका लागि जनकपुरमा मेला आयोजना गरिएको कुलपति श्रेष्ठले बताउनुभयो ।

यस्ता मेलाले नेपाली गीत-संगीत, नृत्य तथा संस्कृतिको विकास र प्रवर्द्धन हुने प्रतिष्ठानका उपकुलपति बासकोटाले बताउनुभयो। मेलाको स्थानीय संयोजकत्व प्राज्ञ परिषद् सदस्य रमेशरञ्जन झाले गर्नुभएको थियो भने प्राज्ञ परिषद् सदस्य माधव प्रधानको पनि कार्यक्रममा उपस्थिति थियो ।

# प्राज्ञ सभा सदस्यको सपथग्रहण



काठमाडौं। नेपाल संगीत तथा नाट्य प्राज्ञ प्रतिष्ठानका प्राज्ञ सभा सदस्यहरूको सपथग्रहण कार्यक्रम सम्पन्न भएको छ ।

प्रतिष्ठानको कार्यालयमा ६ असोजमा प्राज्ञ सभा सदस्यहरूलाई कुलपति सरूभक्तले सपथग्रहण गराउनुभएको हो । सपथग्रहणपछि कुलपति सरूभक्तले प्रतिष्ठानको अवस्था र भावी योजनाबारे जानकारी गराउनुभएको थियो ।

लुम्बिनी। नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले १७ फागुन आइतारबार लुम्बिनीमा 'राष्ट्रिय सांस्कृतिक मेला-२०७१' आयोजना गऱ्यो। शान्ति, सद्भाव र एकताको सन्देशसहित सुरू गरिएको सो मेलाको प्रतिष्ठानका कुलपति सरूभक्त र उपकुलपति शम्भुजीत बासकोटाले च्याब्रुङ बजाएर उद्घाटन गर्नुभयो।

कुलपति सरूभक्तले नेपाल सांस्कृतिक रूपमा धनी भएको र देशको विविध संस्कृति सबैतिर फैलाउन यो मेला आयोजना गरिएको बताउनुभयो। हिमालदेखि तराई तथा मेचीदेखि महाकालीसम्मको संस्कृतिलाई एउटा मञ्चमा प्रस्तुत गर्दै संस्कृति आदान प्रदान गर्नु मेलाको उद्देश्य भएको उहाँले बताउनुभयो।

उपकुलपति शम्भुतीज बासकोटाले देशभर शान्ति र एकताको सन्देश दिन सीताको पवित्र जन्मभूमि जनकपुरपछि भगवान बुद्धको पवित्र जन्मभूमि लुम्बिनीमा यो मेला गरिएको बताउनु




# सांस्कृतिक मेलाले नचायो लुम्बिनीवासीलाई

भयो। उहाँले बिना संगीत भए पनि दर्शकको आग्रहमा मेलामा शनिबारको दिन..., आच्छा लेकिन..., चट्ट रूमाल क्या मालुम...सहितका गीत पनि सुनाउनुभयो।

कार्यक्रममा गायक सत्यराज आचार्यले जहाँ छन् बुद्धका आँखा...गाउँदा दर्शकले हात हल्लाएर गीतमा साथ दिए। उनले साँझपख बतास चल्यो...गीत पनि गाए। लगत्तै मञ्चमा उत्रेका स्वरूपराज आचार्यका गीतमा पनि दर्शकले उत्तिकै मज्जा लिए।

उनले यति धेरै माया..., मर्ने कसैलाई रहर हुँदैन..., यी आँखामा तिमी छौ...गीत गाउँदा दर्शक निरन्तर नाच्न र सँगै गाउनमा व्यस्त रहे। आचार्य दाजुभाइले रंगीबिरंगी फूलहरू..., शान्ति तिमी फर्किआऊ..., मेरो शिरमा टोपी...लगायतका राष्ट्रिय भावनाले ओतप्रोत गीत सुनाउँदा दर्शकहरूले हात हल्लाउँदै साथ दिएका थिए।

गायिका मिलन अमात्यले स्लोली स्लोली..., गाला रातै.जस्ता गीत गाउँदा दर्शकहरू ननाची बस्न सकेनन्। गायिका झुमा लिम्बूले हाक्पारे









गीत सुनाउँदा दर्शकले पूर्वी नेपालको यो भाका सुन्न अवसर पाए । लिम्बूको कता हिँडिरहेछ...लगायतका गीतले पनि दर्शकको मन जित्यो । जुना प्रसाईंले प्रस्तुत गरेको गैरी खेतको शिरै हान्यो...सहितका गीतमा पनि दर्शकले मनोरञ्जन लिए । अर्का गायक संजय तुम्रोकले यो गाउँको ठिटो म...गाउँदा तन्नेरीदेखि बूढासम्म ठिटो बन्दै नृत्य गर्न भ्याए । यस्तै, गायक कल्याण आलेले बिहानी मिर्मिरेमा...जस्ता लोकगीत गाउँदा पनि दर्शकले मनोरञ्जन दिए ।

तराईको भोजपुरी, अवधि नृत्यले दर्शकलाई आफ्नो स्थानीय क्षेत्रको स्वाद दियो । मुस्लिम समुदायको संस्कृति बोकेको गीत सलाम लिजिए कुबुल किजिए गीतमा रिमु श्रेष्ठ, गीताञ्जली रसाइली, फेवा राई, विमला नेपाली, कल्पना बादी र जुना ठकुरी र प्रदीप हमालले मुजुरा नृत्य प्रस्तुत गर्दा स्थानीय मुस्लिम समुदायले मेलामा मौलिक स्वादको अनुभव गर्न पाए ।

मोडल गीता राईले चलचित्र कहाँ भेटिएलाका शीर्ष गीत हितैको मायालाई...गाउँदा दर्शकहरूले आफुलाई नाच्नबाट रोक्न सकेनन् । त्यसो त मेलामा मोडल पूर्णिमा श्रेष्ठले तिम्रो मन त चक्कु छुरी...गीतमा गरेको नृत्यमा पनि दर्शले सिठ्ठी र तालीले साथ दिए । भोजपुरी गीत गान्नके के खेतमे...मा कलाकारले नाच्दा दर्शक जोशले हौसिएका थिए । यिनै कलाकारहरूले होली गीत...मा नृत्य गर्दा दर्शकले जोगी सररररर... भन्दै लय हालेर साथ दिए ।

यस्तै, उन्नति बोहरा शीलाको चर्चित गीत शान्ति तिमी फर्कीआऊ...मा नृत्य कलाकारले भिक्षु बनेर बुद्धको शरणमा पनि मुलुकमा शान्तिको आह्वान गर्दा दर्शकहरू स्तब्ध भएका थिए । विभिन्न गुम्बाबाट कार्यक्रम हेर्न आएका भिक्षुहरूले यो गीतमा निकै अनन्द मानेर सुने । राष्ट्रिय भावनाले ओतप्रोत गीत रंगीविरंगी फूल...मा तीर्थ श्रेष्ठ, जानु गुरुङ, प्रिया गुरूङ, सरोज मैनालीलगायतले प्रस्तुत गरेको देशभक्ति नृत्य पनि प्रशंसनीय थियो ।

यस्तै, मेरो टोपी पाल्पाली...प्रदीप हमाल, राजकुमार तामाङ, सुशील बस्नेत, धनबहादुर लामिछाने मगर, मेघमान श्रेष्ठ, राज आले, कमल सिंजाली मगर र रमेश कुमालसँग विमला नेपाली, रिमु श्रेष्ठ, रमिता खड्कालगायतले पस्केको नृत्यमा दर्शकलाई आफू नेपाली भएको अनुभूत गराएको थियो ।

कार्यक्रममा प्रस्तुत गरिएको लोक नृत्यले दर्शकलाई मेचीदेखि महाकालीसम्मको स्वाद चखायो । मेलामा कलाकारले सुदूरपश्चिमको हुड्केली नृत्यले पश्चिम नेपाल पुऱ्यायो । यस्तै कलाकार विकास घलेले प्रस्तुत गरेको नेवार समुदायको लाखे नृत्यले काठमाडौं उपत्यकाको आभास दिलायो । तामाङ समुदायको तामाङ सेलो, थकाली समुदायको थकाली नृत्य, नाचले कार्यक्रममा सांस्कृतिक विविधता पस्केको थियो । नृत्य निर्देशन प्रदीप हमाल र जलमाया गुरूङको निर्देशनमा यी सबै गीतको नृत्य तयार गरिएको थियो ।

स्थानीय कलाकार रमिता केसीको नृत्य र सुरज पौडेलको गायनले दर्शकलाई उत्साहित बनायो । अन्नतः आइतबार बिहानदेखि परेको सिमसिमे पानीलाई बेवास्ता गर्दै यो सांस्कृतिक मेलामा दर्शकले नाचगानको खुलेर मनोरञ्जन लिए । लुम्बिनी पुगेका देश विदेशका पर्यटकले पनि मेलामा गीत-संगीतको मज्जा लिए ।






# झलारीको मेलामा सुदूरपश्चिमको संस्कृति

महेन्द्रनगर । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजनामा तेस्रो सांस्कृतिक मेला कञ्चनपुरको झलारीमा १८ चैतमा सम्पन्न भयो । मेलाको उद्घाटन प्रतिष्ठानका प्राज्ञद्वय पवित्रा घर्ती र उदय श्रेष्ठले संयुक्तरूपमा स्थानीय हुड्का बाजा बजाएर गर्नुभएको थियो ।

मेलामा परम्परागत परिधानमा सजिएका थारू समुदायले सखिया नृत्य प्रस्तुत गर्दा दर्शकदीर्घाबाट निरन्तर ताली बजेको थियो । सो मेला सुदूरपश्चिमको संस्कृतिमा केन्द्रित भयो । स्थानीय कलाकारहरूको नृत्य एवं गीत संगीत प्रस्तुतिले दर्शकको मन जितेको थियो ।

लोकगायक लालबहादुर धामीले आफ्ना लोकभाका प्रस्तुत गर्दा दर्शकको भीड देखेर भन्नुभयो, 'हामी त यति ठूलो जनसमूह देखेर छक्क पऱ्यौं । सदरमुकाम महेन्द्रनगरभन्दा बढी भीड यहाँ देखियो ।' मेलाको स्थानीयस्तरमा संयोजन गर्नुभएका प्रतिष्ठानका प्राज्ञ सभा सदस्य लोकगायक भोजराज भट्टको प्रस्तुति पनि बेजोड रह्यो । उहाँले आफ्ना चर्चित गीत-संगीतबाट दर्शकलाई नचाउनुभयो ।

कार्यक्रममा काठमाडौंबाट गएकी गायिका प्राश्ना शाक्यले आफ्ना तीनओटा चर्चित गीत प्रस्तुत गर्दा दर्शकहरू ती गीतमा नाचेका थिए । मेलामा राना थारू समुदायको होली नृत्य, सुदुरपश्चिम क्षेत्रको छलिया, देउडा नृत्य, गौरा नृत्य, हुड्केली नृत्य, मध्यपश्चिम क्षेत्रको लोकसंस्कृतिसँग जोडिएको कौडा नृत्य र संगिनी नृत्य प्रस्तुत गरियो ।

लोपोन्मुख संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले यो मेला आयोजना गरिएको प्रतिष्ठानकी प्राज्ञ परिषद् सदस्य पवित्रा घर्तीमगरले बताउँदै भन्नुभयो, 'पाश्चात्य संस्कृतिबाट मौलिक संस्कृतिलाई बचाउनका लागि आयोजना गरिएको मेलाले सघाउ पुऱ्याउने विश्वास लिएका छौं ।' यसले पुरानो पुस्ताबाट नयाँ पुस्तामा संस्कृतिलाई सार्न मद्दत पुऱ्याउने पनि उहाँले बताउनुभयो ।

# पाँचथरमा राष्ट्रिय सांस्कृतिक मेला



पाँचथर । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले सुदूरपूर्वको पाँचथरमा पनि 'राष्ट्रिय सांस्कृतिक मेला' आयोजना गऱ्यो ।

पाँचथरको रबीमा गत चैतको अन्तिम सातामा भएको सो मेलामा स्थानीय कलाकार हरूले आफ्ना कला संस्कृति झल्कने झाँकी सहित मेला सम्पन्न गरे । प्रतिष्ठानका सदस्य सचिव गणेश रसिकको संयोजकत्वमा सो मेला आयोजना गरिएको थियो ।

मेलामा कलाकारहरूले विभिन्न जात जातिका नृत्य एवं गीत-संगीत प्रस्तुत गरेका थिए । उनीहरूले त्यहाँ बालन, डम्फु नाच, धान नाच, साकेला नृत्य, लाखे नाच, हुर्रा, संगिनी नाच, केलाङ प्रस्तुत गरे । स्थानीय युवाहरूले स्थापना गरेका नौमती बाजा समूहले प्रस्तुत गरेको नौमती बाजासहितको नृत्य पनि त्यत्तिकै आकर्षक थियो ।

मेलाको उद्घाटन गर्दै सदस्य सचिव रसिकले भन्नुभयो, 'लोपोन्मुख कला संस्कृतिको, संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन एवं विकास गर्ने उद्देश्यले यो सांस्कृतिक मेला आयोजना गरिएको हो । यस्ता मेलाले हाम्रा लोक संस्कृतिलाई तन्नेरी पुस्तामा हस्तान्तरण गर्दै यसको संरक्षणमा मद्दत पुग्ने विश्वास नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको छ ।'

सो मेलालाई सम्पन्न तुल्याउन स्थानीय रविकर्ण स्मृति प्रतिष्ठान, आदिवासी जनजाति महासंघ, उद्योग वाणिज्य संघ पाँचथर, नौमती बाजा संरक्षण समूह, सुम्निमा आमा समूह लगायतको उल्लेख्य भूमिका रह्यो । मेलामा नृत्य प्रस्तुत गर्ने कला समूहलाई प्रतिसमूह १० हजार रूपैयाँसहित प्रशंसापत्र प्रदान गरिएको थियो ।




# सातौं प्राज्ञ सभा सम्पन्न

काठमाडौं । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको सातौं प्राज्ञ सभा प्रतिष्ठानका संरक्षक तथा प्रधानमन्त्री सुशील कोइरालाको प्रमुख आतिथ्यतामा ३० कात्तिकमा काठमाडौंमा सम्पन्न भएको छ ।

प्रधानमन्त्री कोइरालाले सभाको उद्घाटन गर्दै भन्नुभयो, 'समाजमा प्रत्येक क्षेत्रमा अभाव नै अभाव रहेको समयमा प्राज्ञहरूको योगदानबाट नेपालको कला र संस्कृतिको रक्षा गर्ने कार्यमा ठूलो उपलब्धि हासिल भएको छ ।'

कार्यक्रममा संस्कृति पर्यटन तथा नागरिक उडड्यनमन्त्री दीपकचन्द्र अमात्यले भाषा, साहित्य, कला, नाटक तथा गीतसंगीत क्षेत्रको विकास गर्नु राज्यको दायित्व हो भन्नुभयो ।

नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरूभक्तले भाडामा बसेको यस प्रतिष्ठानलाई नाचघरमा सार्नुपर्ने प्रस्ताव राख्नुभयो । अरू प्रतिष्ठानसरह संगीत तथा नाट्य प्रतिष्ठानलाई भवन उपलब्ध गराइदिन उहाँले आग्रह गर्नुभयो ।

नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेतीले सातौं प्राज्ञ सभाको सफलताको कामना गर्नुभएको थियो । उद्घाटनपछि सभाको बैठकमा प्रतिष्ठानका विभिन्न वार्षिक कार्यक्रममाथि छलफल र अनुमोदन गरिएको थियो ।

# आधुनिक गीतबारे अन्तरक्रिया

काठमाडौं । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको गीति विभागको आयोजनामा आधुनिक गीत लेखनमा परिवर्तन र प्रभाव विषयको अन्तरक्रिया २७ कात्तिकमा नेपाल प्रज्ञा प्रतिष्ठानमा अन्तक्रिया गरियो ।

कार्यक्रममा गीतकार राजेन्द्र थापाले 'आधुनिक गीतको बदलिँदो स्वरूप' शीर्षकमा कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यपत्रमाथि टिप्पणी गर्दै डा. कृष्णहरि बरालले आधुतिक गीत लेखनको सैद्धान्तिक पक्षलाई जोड दिनुभयो । स्रष्टा यादव खरेलले तुक्का जोड्दैमा आधुनिक गीत नहुने र आधुनिक र पपगीत फरक हुने धारणा राख्नुभयो ।

अन्तरक्रियाको संयोजक प्राज्ञ परिषद् सदस्य उन्नति बोहरा 'शीला'ले स्वागत मन्तव्य राख्नुभएको थियो । उपकुलपति शम्भुजीत बासकोटाले आधुनिक गीतको अवस्थाबारे बताउनु भयो भने नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरूभक्तले कार्यक्रमबारे प्रकाश पार्नुभयो । राष्ट्रकवि माधवप्रसाद घिमिरे प्रमुख अतिथिमा कार्यक्रम सम्पन्न भएको थियो ।





# इलाममा यल्मो नृत्य

इलाम । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको नृत्य विभागले २ कात्तिकमा इलामको फिक्कलमा यल्मो जातिको लोपोन्मुख नृत्यबारे कार्यशाला आयोजना गऱ्यो । प्रतिष्ठानका सदस्य सचिव गणेश रसिकको प्रमुख आतिथ्य र श्याम तमोटको आतिथ्यतामा सम्पन्न सो कार्यक्रममा यल्मो जातिको नृत्य संरक्षण गर्न उनीहरूबाटै नृत्यको भाव, तालहरू र गीतहरूको छायांकन गरियो ।

नृत्य विभाग प्रमुख माधव प्रधानले संयोजन गर्नुभएको सो कार्यक्रममा ७० वर्षभन्दा माथिका यल्मो महिलाहरूले नृत्य प्रस्तुत गरेका थिए । किशोर किशोरीहरूले पनि सोही नृत्य प्रस्तुत गरेका थिए । पुरानो पुस्ताले गरेको यल्मो नृत्य र नयाँ पुस्ताले प्रस्तुत गरेको यल्मो नृत्यमा फरक पाइएपछि त्यही प्रसंगमा नयाँ र पुराना पुस्ताबीच छलफल गरिएको थियो ।

सो कार्यक्रम प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठ, प्राज्ञ सदस्य कोमल निरौला, इलामका नृत्य निर्देशक रोशन कर्माचार्य सहभागी थिए । कार्यक्रमको अन्त्यमा स्थानीय सहभागीहरूले यल्मो नृत्यलाई बुद्ध जयन्ती, मृत्यु संस्कार, दशैं आदिमा भेला भएर प्रस्तुत गरिने जानकारी गराए ।



# उपकुलपति बासकोटा सम्मानित

नारायणघाट । गत ११ चैतमा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटालाई नारायणी कला मन्दिर नारायणगढले सम्मान ग-यो । कार्यक्रममा उपकुलपति बासकोटा, परिषद् सदस्य रमेशरञ्जन झा, माधव प्रधानलाई आयोजकका तर्फबाट स्वागत गरिएको थियो ।

सो कार्यक्रममा बासकोटाले इतिहास बोकेको नारायणी कला मन्दिरलाई सुधार्न, सिंगार्न सहकार्य गर्ने प्रतिबद्धता जनाउँदै भन्नुभयो, 'नारायणी कला मन्दिर कलाकारको मुटु हो । यसलाई भव्य र सुन्दर बनाउन पहल गर्नेछु ।' सो अवसरमा उपकुलपति बासकोटाले सो मन्दिरमा तीन महिनासम्म चलेको गायन र वाद्यवादन तालिमका १३ जना प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

नारायणी कला मन्दिरका निवर्तमान अध्यक्ष विज्ञानलाल श्रेष्ठको अध्यक्षतामा सम्पन्न प्राज्ञ रमेशरञ्जन झा, माधव प्रधान, प्रेमविनोद नन्दन, ऋद्धिचरण श्रेष्ठलगायतको सहभागिता थियो ।



## सोरठी तथा वाद्यवादन प्रशिक्षण

रोल्पा । रोल्पाको जुगार गाविस भवनमा २५ देखि ३० चैतसम्म नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजनामा सोरठी नृत्य तथा वाद्यवादन प्रशिक्षण सम्पन्न भयो ।

प्रतिष्ठानकी प्राज्ञ परिषद् सदस्य पवित्रा घर्तीमगरको संयोजकत्वमा ८१ वर्षीया समाजसेवी महिला नरपति खत्रीले कार्यक्रम उद्घाटन गर्नुभएको थियो । कार्यक्रममा २३ जना महिला पुरूषले प्रशिक्षण लिए ।

लोपोन्मुख सोरठी (सिँगारू) नृत्यलाई संरक्षण गर्दै नयाँ पुस्तामा हस्तान्तरणका लागि प्रशिक्षण कार्यक्रम राखिएको प्राज्ञ घर्तीमगरले बताउनुभयो । अग्रज पुस्तामा सीमित यो नृत्य तथा वाद्यवादनको प्रशिक्षण अग्रज कलाकारले नयाँ पुस्तालाई दिएका थिए ।

## पोखरामा नृत्य प्रशिक्षक भेला

पोखरा । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजनामा १९ माघमा पोखराको महेन्द्र पुलमा नृत्य प्रशिक्षकहरूको भेला गरियो । नृत्य प्रशिक्षक प्रतिष्ठानद्वारा संयोजन गरिएको सो कार्यक्रमको प्रमुख अतिथि प्रतिष्ठानका परिषद् सदस्य माधव प्रधान हुनुहुन्थ्यो ।

प्रमुख अतिथि प्रधानले स्थानीयस्तरमा लोप हुन लागेको नृत्यहरूको खोजी गर्न कम्तीमा पनि ७० वर्ष उमेर काटिसकेका नृत्य क्षेत्रका व्यक्तित्वहरूसँग भेट्नुपर्ने बताउनुभयो ।

प्रतिष्ठानले लोपोन्मुख नृत्य संरक्षणका लागि गरेको नृत्य प्रशिक्षकको भेला प्रशंसानीय रहेको स्थानीय संयोजन संस्था अनुशीलन संगीत पाठशाला तथा नृत्य प्रशिक्षक प्रतिष्ठानका अध्यक्ष गोरे गुरूङले बताए । भेलामा पश्चिमाञ्चलका लोपोन्मुख लोक नृत्यबारे चर्चासहित यस्ता लोपोन्मुख नृत्यलाई अनुसन्धान गरी संरक्षणसँगै पुस्तकको रूपमा निकाल्ने निर्णय भयो ।

कार्यक्रममा संस्कृतिकर्मी पद्मराज ढकाल, गीतकार नारायण परिश्रमी, लक्ष्मण गौतम, गायक नारायण बास्तोला, नृत्य निर्देशक रमेश पुलामी, घनश्याम पुन, माया थापा, अमन तामाङ, विश्व गुरूङ, केशव गुरूङ, रवीन गुरूङ, प्रीति गुरूङ, सुवास राईलगायतले लोक नृत्यलाई सबै मिलेर खोज तथा संरक्षण गर्नुपर्ने बताए ।

# सम्झनामा
# जनकवि केशरी



*'हरियो डाँडामाथि*
*हलो जोत्ने साथी*
*हो हो तारे हो*
*हो हो माले हो...'*

यो कालजयी गीतका स्रष्टा जनकवि केशरी धर्मराज थापालाई मुलुकले २०७१ सालमा गुमायो। आजीवन नेपाली गीत–संगीतमा आफूलाई समर्पण गर्नुभएका थापा अब हाम्रो सम्झनामा मात्र हुनुहुन्छ ।

दुई वर्षदेखि मस्तिष्कघातबाट थलिनुभएका कलाकार थापाको ९१ वर्षको उमेरमा गत २८ असोज मंगलबार बिहान ५ बजे काठमाडौंको स्वयम्भूस्थित निवासमा निधन भएको थियो । सोही दिन उहाँको पार्थीव शरीरलाई श्रद्धाञ्जलीका लागि दुई घन्टा नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीको डबलीमा राखिएको थियो ।

प्रधानमन्त्री सुशील कोइराला, गृहमन्त्री वामदेव गौतम, एमालेनेता माधवकुमार नेपाल, एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल, उपाध्यक्ष बाबुराम भट्टराई, माओवादी नेतृ पम्फा भुसाल, मुख्यसचिव लीलामणि पौड्याललगायतले प्रज्ञा प्रतिष्ठान पुगेर थापालाई श्रद्धाञ्जली दिनुभएको थियो। सोही दिन दिउँसो उनको पार्थीव शरीरमा संस्कृति पर्यटन तथा नागरिक उडड्यनमन्त्री दीपकचन्द्र अमात्यले राष्ट्रिय झन्डा ओढाएर सम्मान दिएपछि पशुपति आर्यघाटमा दाहसंस्कार गरिएको थियो ।

१९८१ साउने संक्रान्तिका दिन पोखराको बाटुलेचौरमा धर्मराज थापाको जन्म भएको थियो । न्वारानको नाम भुवनबहादुर रहे पनि उहाँ पछि धर्मराजका रूपमा चिनिनुभयो। सानै उमेरबाट भजनकीर्तन, चुड्का र दोहोरीमा रूचि राख्दाराख्दै उहाँको झुकाव गीत–संगीततर्फ बढेको थियो। धर्मराजले १९९६ सालमा सावित्रीसँग विवाह गर्नुभएका उहाँका तीन छोरा, दुई छोरी र पत्नी छन् ।

उहाँले १९९६ सालमा डिल्लीबजारमा अदालती फैसलाका नक्कल सार्ने लेखनदासको कामबाट जागिरे यात्रा सुरू गर्नुभएको थियो। गुठी बन्दोबस्त अड्डामा जागिरे भएपछि २००१ सालमा थापाले पहिलोपटक 'उद्योग' पत्रिकामा 'कुवा' शीर्षकको कविता प्रकाशित गर्नुभएको थियो ।

२००५ सालमा बिजुलीअड्डामा खोलिएको नेपाल रेडियो (रेडियो नेपाल) मा गीत गाउने र कविता सुनाउने गर्नुभएका थापालाई सोही समय गोरखापत्रमा मुखिया पदमा जागिर खाँदा न्यूनवेतनको मुद्दा उठाएर हडताल गरेको भन्दै सेवाबाट हटाइएको थियो । त्यसपछि केआई सिंहको समर्थनमा 'धानको बाला झुल्यो हजुर देशै रमाइलो' बोलको गीत गाउँदा उहाँ प्रजातन्त्रको लागि आन्दोलनमा लाग्नुभयो। सो गीतका कारण थापालाई एक महिना जेल हालिएको थियो ।

जेलबाट निस्किएपछि उहाँले भारतको आसाम, देहरादुन, दार्जिलिङ, सिक्किम, गुहावटी, भाक्सीजस्ता ठाउँमा पुगेर लोकगीत गाउनुभयो। त्यतिबेला भारतीय नेपालीले स्वदेशको माया लिएर आउनुभयो भन्दै खुसीका आँसुले थापालाई स्वागत गरेका थिए ।

लोकभाकामा प्रखर थापालाई तत्कालीन राजा महेन्द्रले २०१३ सालमा 'जनकवि केशरी' को उपाधि दिएका थिए । राजा महेन्द्रद्वारा निकै रूचाइएका थापालाई रेडियो नेपालमा २०१७ सालमा लोकगीत प्रबन्धकमा नियुक्त दिइयो । उहाँले लामो समय रेडियो नेपालमा रहेर सेवा गर्नुभयो ।

'धुरूधुरू नरोऊ आमा, तिम्रो आँसु पुछेर छोडौंला... हरियो डाँडामाथि हलो जोत्ने साथी...', 'आज मादल बजेको किन गाउँबेसी दुनियाँ ब्युँझाउन...', जस्ता सैयौं लोकभाका गाउनुभएका जनकवि केसरी थापाले मुलुकका ७५ ओटै जिल्ला भ्रमण गरी लोक–संस्कृतिको अनुसन्धान गर्नुभएको थियो । उहाँले नेपालका विभिन्न लोक–संस्कृतिका साथै गन्धर्व जाति र सारंगीलाई मुलुकबाहिर चिनाउन काम समेत गर्नुभएको थियो। उहाँ जनशब्द र उखान बटुलेर गाउन सिपालु हुनुहुन्थ्यो ।

'मंगली कुसुम' कृतिबाट उहाँले २०२५ सालमा मदन पुरस्कार पाउनुभएको थियो। लोक–संस्कृति, साहित्य, यात्रासंस्मरण आदि गरी उहाँका २९ कृति प्रकाशित छन् । यस्तै, २०५७ सालमा जगदम्बा पुरस्कार पाउनुभएका थापा विभिन्न पुरस्कार, समान्न र मानपदवीबाट सम्मानित हुनुहुन्थ्यो ।

# दर्शकका प्रिय अभिनेता थिए श्रीकृष्ण



काठमाडौं । नेपाली चलचित्र क्षेत्रका कुशल अभिनेता श्रीकृष्ण श्रेष्ठलाई हामीले ४७ वर्षको उमेरमा गत २५ साउन बिहान ५ बजे गुमायौं । अभिनेता श्रेष्ठको 'डीप निमोनिया' उपचारका क्रममा भारतको नयाँ दिल्लीमा निधन भएको थियो ।

अभिनेत्री श्वेता खड्कासँग विवाह भएको एक महिनामै अभिनेता श्रेष्ठको निधन भएको हो । उनको निधनले त्यतिबेला नेपाली चलचित्र प्रेमीहरूलाई स्तब्ध बनाएको थियो । श्रेष्ठको अन्तिम चलचित्र कोहिनूर उनको निधन हुनुभन्दा दुई दिनअघिबाट देशव्यापी रिलिज भएको थियो ।

श्रेष्ठको पार्थीव शरीरलाई हजारौं शुभचिन्तकले काठमाडौंको प्रज्ञा भवन र आर्यघाटमा श्रद्धाञ्जली दिएका थिए । राष्ट्रिय सम्मानका साथ अभिनेता श्रेष्ठको अन्तिम संस्कार आर्यघाटमा गरिएको थियो ।



१९ अप्रिल सन् १९६७ जन्मिएका अभिनेता श्रेष्ठले २०४५ सालमा 'भुमरी' चलचित्रबाट अभिनय यात्रा सुरू गरेका थिए । नेपाली रजतपटमा उनी नायक श्रेष्ठले नायकको रूपमा भने विश्व बस्नेतद्वारा निर्देशित चलचित्र 'नाता' बाट करिअर अगाडि बढाएका थिए ।

उनले ट्रक ड्राइभर, आफ्नो मान्छे, आफन्त, वर पीपल, गोर्खाली, पाहुना, अजम्बरी नाता, हाम्रो माया जुनीजुनीलाई, गुरू चेला, गरिब, नाता रगतको, लक्ष्मी पूजा, प्रेम युद्ध, माइती, सुख दुःख, हामी तीन भाइ, जीवन रेखा, उनको सम्झना, कहाँ भेटिएलालगायतका ६ दर्जनभन्दा बढी चलचित्रमा अभिनय गरेका थिए ।

श्रीकृष्णले अभिनय गरेका कयौं चलचित्रले सफल प्रदर्शनको ५१ औं दिन तथा १०० दिन मनाएका थिए । उनले अभियन गरेका व्यावसायिक सफल चलचित्रमा ट्रक ड्राइभर, आफन्त, आफ्नो मान्छे, सुख दुःख, ए मेरो हजुर, हामी तीन भाइ, कहाँ भेटिएलालगायत हुन् । उनको अन्तिम चलचित्र कोहिनूरले नेपाली चलचित्र इतिहासकै अहिलेसम्मको सबैभन्दा बढी १२ करोड रूपैयाँको व्यापार गर्‍यो ।

उनी नेपाल प्रज्ञा प्रतिष्ठानमा अढाई दशकदेखि कलाकारका रूपमा कार्यरत थिए । प्रतिष्ठानमा रहँदा कयौं नाटकमा समेत अभिनय गरेका उनी प्रतिष्ठानमा सबैका प्रिय कलाकार थिए ।

श्रीकृष्ण सबैका नजरमा मिलनसार अभिनेता मानिन्थे । कुशल र सफल अभिनयबाट धेरैपटक सर्वोत्कृष्ट अभिनेताको अवार्ड जितेका थिए । नेपाली चलचित्र उद्योगमा २६ वर्षसम्म निरन्तर कुशल र सफल कलाकारका रूपमा आफूलाई स्थापित गरेर उनी सदाका लागि आफ्ना प्रिय दर्शक र आफन्तबाट टाढा भए । अभिनेता श्रेष्ठले अभिनय गरेका चलचित्र हेरेर उनीलाई दर्शकले सधैं सम्झिरहने छन् ।



# देउराली उकालीमा गुञ्जिरहने छन्
# सरोजगोपाल

*'देउराली उकाली चढेर*
*विजयपुर खोला तरेर*
*सानीलाई बोलाउँदा बोल्दिनन्*
*पर्नु पीर पऱ्यो*
*ज्यानलाई पर्नु पीर पऱ्यो ...'*

यो चर्चित गीतका स्रष्टा हुन् सरोजगोपाल बज्राचार्य । नेपाली लोक, आधुनिक संगीत क्षेत्रका एक सशक्त नक्षत्रका रूपमा परिचित बज्राचार्यलाई हामीले २०७१ सालमा गुमायौं । गत वर्ष २९ साउनमा उहाँको पोखरा–१ बागबजार स्थित आफ्नै निवासमा निधन भएको हो । उहाँ ६५ वर्षका हुनुहुन्थ्यो ।

गायक, संगीतकार तथा सञ्चारकर्मीको रूपमा पहिचान बनाएका दिवंगत बज्राचार्यको घरपरिवारका सदस्यहरू नै सांगीतिक क्षेत्र रहेका छन् । उहाँकी श्रीमती बाबा राणा गायिका तथा गीतकारका रूपमा परिचित छिन् । बज्राचार्य दम्पतीका एक छोरा र एक छोरी छन् तथा दुई नातिनी छन् । दिवंगत स्रष्टा बज्राचार्यका दाजुहरू पनि संगीत क्षेत्रमै आबद्ध छन् ।

बाबु चन्द्रमान बज्राचार्य र आमा लक्ष्मीदेवी बज्राचार्यका सात छोरामध्ये सरोज छैटौ छोराको रूपमा २००७ जेठ २० गते पोखरामा जन्म भएको हो । उहाँले बाल्यकालदेखि नै पारिवारिक जमघटमा संगीतमा रम्ने अवसर पाउनुभयो । सोही अवसरलाई सदुपयोग गरेर संगीतमा रूचि राख्दाराख्दै उनी राष्ट्रियस्तरका चर्चित गायक तथा संगीतकार बन्नसमेत सफल हुनुभयो ।

रेडियो नेपालमा प्रवेश गरेपछि उहाँले आफ्नो गायन र संगीत यात्रालाई अझ सशक्त रूपमा अघि बढाउनुभयो । लामो समय रेडियो नेपालमा रहेर उहाँले सेवा गर्नुभयो ।

'नक्कलीलाई भगाइलग्यो झिल्केले...', 'करोडौ मुटुहरूको ढुकढुकी नेपाल...', 'तोरी हरियो...' लगायतका थुप्रै चर्चित गीतहरू उनले नेपाली संगीत क्षेत्रलाई दिए । २०३० को दशकमा उनी राष्ट्रियस्तरका चर्चित गायकको रूपमा परिचित हुनुहुन्थ्यो । गायन संगीतसँगै लेखनमा पनि प्रखर बज्राचार्यले 'गण्डकीका सुसेली' नामको पुस्तक संग्रह पनि बजारमा ल्याउनुभएको थियो ।

पोखरेली युवा सांस्कृतिक परिवारका संस्थापक अध्यक्षसमेत रहेका स्व. बज्राचार्य विभिन्न संघ/संस्थामा आबद्ध हुनुहुन्थ्यो । यस परिवारमार्फत उहाँले गायन, संगीत तथा कला क्षेत्रमा लाग्न कयौं पोखरेलीलाई प्रेरणादाई भूमिका खेल्नु भएको थियो ।

रेडियो नेपालमा काम गरेको लामो अनुभव भएकै कारण उहाँ पोखराको पहिलो एफएम माछापुच्छ्रे एफएममा स्टेसन म्यानेजरसमेत हुनुहुन्थ्यो ।

सरोजगोपाल बज्राचार्यसँग निकै निकट मानिने नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति एवं साहित्यकार सरूभक्तले ३० को दशकमा बज्राचार्यले राष्ट्रियस्तरको कलाकारबाट पहिचान बनाएको बताउनुभयो । गायक तथा संगीतकार बज्राचार्यको निधनले सांगीतिक क्षेत्रमा अपूरणीय क्षति पुगेको उहाँले बताउनुभयो । स्व. बज्राचार्य कुशल वाद्यवाधक पनि रहेको स्मरण गर्दै उहाँ पोखरेली नयाँ स्रष्टाका लागि प्रेरणादायी व्यक्तित्व रहेको जानकारी गराउनुभयो ।



# नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान परिवार

## प्राज्ञ परिषद्


**कुलपति**
सरूभक्त


**उपकुलपति**
शम्भुजीत बासकोटा


**सदस्य सचिव**
गणेश रसिक


**सदस्य**
उदय श्रेष्ठ


**सदस्य**
उन्नति बोहरा 'शीला'


**सदस्य**
पवित्रा घर्तीमगर


**सदस्य**
पुष्करबहादुर गुरूङ


**सदस्य**
माधव प्रधान


**सदस्य**
रमेशरञ्जन झा

## प्राज्ञ सभा


अशोक राई


आशाकाजी श्रेष्ठ


बृजकिशोर सहनी


दुर्गाबहादुर रायमाझी


खेम नेपाली


कोमल निरौला


कृष्णभक्त महर्जन


कृष्ण 'सुधा' ढुंगाना


नारायणीदेवी प्रधान


नरेन्द्रराज रेग्मी


प्रकाश घिमिरे


पूर्ण नेपाली


रामकुमार धामी


सानु शिवा


भोजराज भट्ट


प्राज्ञिक संसार २०७१ चैत
संगीत-नाट्य बुलेटिन
Academia
Music-Drama Bulletin

**प्रकाशक**
नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान,
भाटभटेनी, बालुवाटार, काठमाडौं
पोष्ट बक्स नं. - ११७३०
फोन नं. : ४४२८४०४/४४२८४०५,
फ्याक्स नं. : ४४२८४०७
Email : info@nsmuda.org.np
website : www.namuda.org.np

**प्रधानसम्पादक** :
गणेश रसिक
**कार्यकारी सम्पादक** :
डब्बु क्षत्री
**तस्बिर** :
नरेन्द्र खड्का
**साजसज्जा** :
विश्व सापकोटा
(विलक्षण क्रियसन)

**सल्लाहकार**
सरूभक्त
शम्भुजीत बासकोटा

**सम्पादक मण्डल**
उदय श्रेष्ठ
उन्नति बोहरा 'शीला'
पवित्रा घर्तीमगर
पुष्करबहादुर गुरूङ
माधव प्रधान
रमेशरञ्जन झा